# स्र्वग राज्यको रुपरेखाका साचाँहरु

१. परिचय पाना

२. # १ साँचो : पापलाई “हुँदैन” भन्ने

३. # २ साँचो : येशूलाई “हुन्छ” भन्ने

४. # ३ साँचो : आफ्नो नयाँपानलाई धारण गर्नु

५. # ४ साँचो : प्रेम

६. # ५ साँचो : प्रचार

७. # ६ साँचो : परमेश्वरको वचन

८. # ७ साँचो : दिने

## स्वर्ग राज्यमा पुऱ्याउँने साँचाहरु

परमेश्वरको राज्यको अध्ययन

फ्रियाङ्कलीनद्धारा

**मत्ती ६:३३** तर **पहिले** उहाँको राज्य र उहाँका धार्मिकताको **खोजी** (वा चाहाना) गर, र यी **सबै थोक तिमीहरुका निम्ति थपिनेछन्** ।

*अनिवार्य – आज्ञा

मलाई “चहाना” शव्दको अनुवाद मन पर्छ यो बैधानिक अनुवाद हो । हाम्रे पिता चाहानुहुन्छ कि हामीले अरु थोकहरु भन्दा बढी उहाँको राज्यको चाहाना गरेको ।

“खोज्नु” भन्ने शव्दले यो सङ्केत गर्दछ कि परमेश्वरको राज्य हामीबाट लुकिएको छ ।

यो लुकिएको छैन, यो हामीहरु बीचमा छ (लूका १७:२१)

यदि तिमी चाहाना गर्छौ भने –> तिमीले खोज्छौ ।

- हामीले के चाँहि खोज्नु पर्छ त ? परमेश्वरको राज्य के हो ?
- यसको जवाफ हामीले येशुले सिकाउँनु भएको प्रार्थनामा पाउँन सक्छौ ।

मत्ती ६:९–१० हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईको नाउँ पवित्र होस् । (१०)तपाईको राज्य आओस् । (कसरी?) तपाईको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस् ।

- तपाईको राज्य ओस् र तपाईको – जब उहाँको इच्छा पुरा हुन्छ – जब उहाँको आज्ञा पालन गरिदँछ .... स्वर्गमा जस्तै
- र जब हामी उहाँलाई मुक्तिदाताको रुपमा विश्वास र भरोषा गर्दछौँ र प्रभुका रुपमा आज्ञापालन गर्दछौँ ।

१ यूहन्ना ३:२२–२३ हेर

लूका १२:३२ सानो बगाल, नडराओ! किनभने तिमीहरुलाई राज्य **दिन तिमीहरुका पिता प्रसन्न हुनुहुन्छ** ।

यदि तिमी साँचै इच्छा गर्दछौँ भने !

- उहाँलाई खुशीसाथ खोज्नेहरुलाई उहाँ इनाम दिनुहुन्छ । हिब्रू ११:६

तिमीलाई असल थोक दिँदा उहाँलाई ठूलो आनन्द मिल्छ :

- लुगा, खाना, बास, स्वास्थ्य
- आशिष र वैभव
- स्वतन्त्रता
- अधिकार र शक्ति
- आनन्द र शान्ति
- साथै :

**मत्ती १६:१९ म तिमीलाई स्वर्गको राज्यका साँचाहरु** (बहुवचन) **दिनेछु** । जे तिमीले पृथ्वीमा बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाऔला, सो स्वर्गमा फुकाइनेछ ।

त्यसैले, यदि कसैले तिमीलाई घर र गाडीको साँचाहरु दिएर यसो भन्यो : “यी तिम्रा हुन्”, यसको अर्थ के हो ?

- ती उपहारबाट फाईदा पाउँनका लागि . . . **तिमीले साँचाहरुको प्रयोग गर्नुपर्छ ।**

त्यसैले > स्वर्ग राज्यको आशिष र वैभवहरु यस प्रकार छन् :

तिम्रो हातहरुमा र यी कुराहरुमा भर पर्छ :

१. मसँग साँचाहरु छन् भन्ने जान्ने
२. ती साँचाहरु केका लागि हुन् भन्ने बारेमा जान्ने
३. ती कसरी प्रयोग गर्ने जान्ने
४. र त्यस पछि : तीनको प्रयोग गर्ने !

## यो हाम्रो अध्ययन हो

साँचाहरुले ढोका खोल्दछन्   मत्ती १६:१९ . . . जे तिमीले पृथ्वीमा **बाँध्नेछौ**, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा **फुकाऔला**, सो स्वर्गमा फुकाइनेछ ।
एन एल टी

- तलका साँचाहरुले तिम्रा लागि परमेश्वरको राज्यको ढोका खोलि दिन्छ ।

साँचो # १ को परिचय

२ कोरिन्थी २:१४ तर परमेश्वरलाई धन्यवाद होस्, उहाँले **हामीलाई** ख्रीष्टमा सँधै विजयको निम्ति **डोऱ्याउनुहुन्छ**,(यदि हामी पछ्याउँछौं भने) र उहाँको **ज्ञानको** सुबास्ना हामीद्धारा हरेक स्थानमा **फैलाउनुहुन्छ** ।

तिम्रो लागि येशूको चाहाना :

- विजय, सफलता र प्रशस्तताको जीवन

तिम्रो सेवकाई :

- सबै ठाउँहरुमा र सबै जानालाई उहाँको ज्ञानको प्रदर्शन गर्दै जानकारी दिने ।

**प्रकाश ५:१०** तिनीहरुलाई **राज्य** र हाम्रा (येशू) परमेश्वरका **पुजाहारी बनाउनुभएको छ**, र तिनीहरुले **पृथ्वीमा राज्य** गर्नेछन् ।

- येशू ख्रीष्टको आधिपत्यमा, विश्वासीहरु राज्य हुन् ।
- यो नै प्रभुको सुरुवात देखिको विचार थियो : उत्पति १:२८

हाम्रो जीवनको उदेश्य :

- शैतान र पाप माथि विजयतासाथ शासन गर्न ।

- ➢ उहाँको जीवनको प्रर्दशन गर्न र उहाँलाई चिनाउँन ।

तैपनि, हामीसँग **समस्य** छ

- हाम्रो पुरानो स्वभाव पापमय छ!
- हामी धेरै जसो हारको अनुभव गर्दछौ र येशुलाई अगिडी देखाउँदैनौ

कृपया पढ्नुहोस् : रोमी ७:१४–२१

समस्या ! यूहन्ना ८:३४ साँच्चै, म तिमीहरुलाई भन्दछु, **पाप गर्ने** प्रत्येक पापको **कमारो** हो ।

२ पत्रुस २:१९ तिनीहरुलाई स्वतन्त्रता दिलाइदिने प्रतिज्ञे गर्छन्, तर तिनीहरु आफै भ्रष्टताका दास छन्, किनकि **जुन कुराले कुनै मानिसलाई जित्छ त्यही कुराले त्यसलाई दास बनाउँछ** ।

→ **पापले** कठोरसँग हामीलाई दुखाई दिन्छ :

- हितोपदेश ८:३६ जसले मेरो विरुद्ध **पाप** गर्छ त्यसले **आफैलाई नोक्सानी** गर्छ ।

→ **पापले** हाम्रो सेवकाईमा र पृथ्वीमा रहँदाको उदेश्यमा धेरै बाधा ल्याउँछ ।

- विजयको जीवन जीउँन र उहाँको ज्ञानालाई स्पष्ट गर्न

येशू कैदिहरुलाई **छुट्कारा** दिन आउँनुभयो । लूका ४:१८

उहाँलाई पछ्याउँन स्वतन्त्र होओ र परमेश्वरको राज्यमा विजयको जीवन जीऊ . . . जुन चाहिँ :“ **धार्मिकता,** शान्ति र पवित्र आत्मामा आनन्द हो । ”

रोमी १४ : १७

साँचाहरुले स्वर्ग राज्यको शक्ति र आशिषहरुलाई हाम्रा लागि खोलि दिँदछ ।

## साँचो # १: पापलाई “नाई” भन्ने

अनन्त जीवनका लागि **पाप** समस्या होइन । विश्वास हो
(२ कोरिन्थी ५:१९ यूहन्ना ३:१६)

आशिषित र विजयको जीवनका लागि पाप समस्या हो !

मिश्र :

- उनीहरु अरु राजाको अरु अधिकारमा थिए
- **अन्धकारको राज्यको** चित्र
- प्रभुले उहाँको उद्धारकलाई पठाउँनु भयो – मोशा

परमेश्वरले उहाँका मानिसहरुलाई थुमाको रगतबाट उद्धार गर्नुभयो

- प्रस्थान १२:१३ तिमीहरु बसेका घरहरुमा त्यो रगत तिमीहरुका निम्ति चिन्ह हुनेछ। जब **म त्यो रगत देख्नेछु तब तिमीहरुलाई चाहिँ छोडिदिनेछ**, र मैले मिश्रलाई प्रहार गर्दा नाश गर्ने कुनै पनि विपत्तिले तिमीहरुलाई छुनेछैन।
- प्रस्थान १२:२३ जब परमप्रभु मिश्रीहरुलाई प्रहार गर्न देश भएर जानुहुनेछ, तब उहाँले चौकोसको माथिल्लो भाग र दुवैतिरका खम्बामा **रगत देख्नुहुनेछ**, र त्यस ढोकालाई छोडेर, निस्तार गरी, विनाश पार्नेलाई तिमीहरुका घरमा तिमीहरुलाई **मार्न पस्न दिनुहुन्न**।
    - सर्वनाश गर्ने "मृत्युको दुत" हो। उनीहरुसँग अनन्त जीवन थियो )

**लाल समुन्द्र :** (हाम्रो पानीको बप्तिस्मा जस्तै हो)

- उनीहरुलाई फारोबाट एक चोटि र सँधैका लागि स्वतन्त्र गरियो। स्वतन्त्र !
- शैतानको चित्र। अब त्यसको अधिकार छैन।

**उजाड स्थान** – उहाँको तरीका सिक्नका लागि थियो

- परमप्रभुको अधिकार भित्र – बादल र आगो (प्रस्थान १३:२१)
- सुरक्षा –प्राबधान– निर्देशन
- संसारमा, तर यसको अधिकार भित्र होइन।
- २ वर्षसम्म मात्र उजाड स्थानमा हुनुपर्ने थियो। तर, बारम्बार आज्ञाकारी नभएकोले गर्दा ३८ वर्ष थपियो। त्यसबेलको पुस्ता मध्य प्राय जसोको उजाड स्थानमा नै मृत्यु भयो– प्रभुको तर प्रतिज्ञाको देशमा बस्न पाएनन्।

**प्रतिज्ञाको देश** – पृथ्वीमा परमेश्वरको राज्य जस्तै थियो।

- विजय अगुवाहरुको मुनि रहेर लडाई गर्न  र विजय पाउने युद्ध।

**पहिलो युद्ध :** पर्खालले घेरेको शहर– यरीहो :

- हामीहरु सबैले हाम्रो जीवनमा पापलाई बेस्मरी समाति राखेका छौ, वा राखेका थियौं होला जुन हामीले हराउँनु पर्ने/ चियात्न पर्ने थियो ।
- प्रभुले कसरी विजय पाउँने बारे भन्नुभयो **र पर्खाल भत्कियो** ।

यरीहोको युद्ध पछि– इस्राएल ऐ भनिने शहरमा पराजित भए
कारण :

१. यरीहोको सबै धन, "पहिलो फलहरु," प्रभुको हो (यहोशू ६:१७–१९ र प्रस्थान २३–१९) **केहीले मानेनन्** ।
२. यहोशू ७:११–१२ **इस्राएले पाप गरेको छ** . . . **तसर्थ इस्राएलका मानिसहरु उनीहरुका शत्रुका विरुद्धमा खडा रहन सक्दैनन् ।**

अझै पनि प्रभुको हो – **तर विजय पाएनन्**

**उनीहरुका शत्रूबाट पराजीत भए**

तिमी परमेश्वरको राज्यमा  अन्धकारको राज्यको सिद्धान्त लिएर विजयको जीवन ज्यून सक्दैनौ ।

१ तिमोथी ६:९ तर धनी हुने इच्छा गर्नेहरु परीक्षामा पर्छन्, पासोमा फस्छन् र धेरै अर्थहीन र दुःखदायी इच्छाहरुमा डुव्छन्,जसले मानिसहरुलाई बरबादी र सर्वनाशमा डुबाउँछन् ।

## शैतानले प्रयोग गर्ने चाराहरु :

याकूब १:१४–१५ तर हरेक मानिस **आफ्नै खराब इच्छाद्धारा** (तिब्र इच्छा) लोभिएर परीक्षामा पर्दछ । तब **खराब इच्छाले** गर्भधारण गरेपछि त्यसले **पाप** जन्माउँछ । अनि **पाप पूरै बढेपछि** त्यसले **मृत्यु ल्याउँछ** (विछोड) ।

यसलाई पनि हेर : यशैया ५९:२; रोमी ६:२०–२३)

- यदि तिमीले काम बासना माथि विजय पाएनौ भने– यसले तिमीलाई सर्वनाश तीर लानेछ ।
  काम बासना – पाप – मृत्यु = एल एस् डि – यसले तिमीलाई विनाश गरिदिन्छ ।

**गलाती ५:१९–२१** पापमय स्वभावका कामहरु प्रत्यक्ष छन्, जो यी नै हुन् – व्यभिचार, अपवित्रता, लम्पटपना, मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैँझगडा, ईर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गुटबन्दी, डाह, पियक्कडपन, अशलील मोजमज्जा र यस्तै अरु, जसका विषयमा म तिमीहरुलाई चेताउनी दिन्छु, र अघि पनि दिएकै हु । **जस–जसले यस्ता कामहरु गर्दछन्, परमेश्वरका राज्यका हकदार बन्नेछैनन्** ।

एन एल टि

हामीहरु प्रार्थना गर्नुपर्दछ : **तपाईको राज्य आओस्, तपाईको इच्छा** स्वर्गमा झैं **यस पृथ्वीमा पूरा होस्** । मत्ती ६:१०

- मत्ती ६:१० ले स्वर्ग राज्य **अहिले र यहाँ** पाउँने बारेमा कुरा गर्दछ – अनन्त रुपमा होइन **!**
- यदि गलाती ५:२१ ले स्वर्ग राज्यलाई अनन्तको रुपमा पाउँने अर्थ दिन्छ भने, यसले यो भन्छ कि येशू खीष्टको रगत हाम्रो पाप क्षमा गर्नका लागि पर्याप्त छैन र तिम्रो कामहरु, तिम्रो परिश्रमहरु पनि यसमा थपिनु पर्दछ, र **तिमी आफुले आफैलाई नै बचाउँनु पर्छ** ।

धर्मशास्त्रले स्पष्ट भन्छ –> अनन्तको मुक्ति उहाँको रगतले मात्र पाईन्छ !

- एफिसी २:८–१० "अनुग्रहद्धारा . . . कामहरुको परिणमले होइन"
- हिब्रू ९:१२, २६; १०:११–१४

परमेश्वरको राज्यको **चुम्बकत्व** भनेको **प्रेम** हो ।
जे **प्रेममा** सुरु हुन्छ त्यो **जीवनमा** अन्त हुन्छ (यूहन्ना ३:१६)

शैतानको राज्यको **चुम्बकत्व** भनेका **काम बासना** हो ।
जे **काम बासनामा** सुरु हुन्छ त्यो **पाप** र **कम्जोर सम्बन्धमा** अन्त हुन्छ, र यदि यो भई रहयो भने – **मृत्यु** पनि हुन्छ । (याकूब १:१५)

**हामीले आफैलाई प्रश्न गर्नुपर्छ कि : "के ले मलाई नियन्त्रण गर्छ/चलाउँछ ?"**

परमेश्वरको राज्यलाई परिचालन गर्ने सिद्धान्त भनेको **प्रेम** हो ।
अन्धकारको राज्यलाई परिचालन गर्ने सिद्धान्त भनेको **काम बासना** हो ।

(यौनजन्य अनैतिकता, अशुद्ध विचारहरु, काम बासनाको अनन्दको चाहाना)

परमेश्वरको राज्यमा अशिषित र विजयको जीवन भनेको आजको लागि हो

त्यस राज्यमा आज बस्नका लागि **हामीले** शरीरका काम बासनाका चाहानाहरुलाई **हुदैन!** पापलाई पनि **हुँदैन!** भन्नुपर्छ ।

(टिप्पणीहरु हेर : अजिङ्गरलाई हराउँदै www.treasurehisword.com)

कसरी ???

# १ १ कोरिन्थी ९:२५–२६ खेलमा भाग लिने खेलाडी सबै थोकमा **आत्मसंयमी** हुनुपर्छ । तिनीहरु नष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्दछन्, तर हामीचाहिँ अविनाशी मुकुट पाउनलाई यसो गर्दछौं । यसकारण लक्ष्य नराखी म दगुर्दिनँ । हावामा मुक्का हान्नेले जस्तै म मुक्का हान्दिनँ । तर म आफ्नो शरीरलाई कठोरतासाथ सघाउँछु, र यसलाई वशमा राख्तछु, नत्रता अरुहरुलाई प्रचार गरेपछि म आफैचाहिँ अयोग्य ठहरिनेछु ।

- तिमी पनि समुहमा हुनका लागि कडा परिश्रम र कडा तालिम गर्नुपर्छ वा तिमी घेरमा बसेर अरुलाई हेरमात्र ।
- सेना र समुद्री सेनाहरुले कडा अनुशासन सिकाउँछ र माग गर्दछ ।
- **आत्मा संयम** – सुरुवातको उत्साहीत पवित्र आत्मा प्रति तत्कालै आज्ञाकारी हुनु ।
  **२ तिमोथी २:**१९ख – २६ प्रभुको नाउँ लिने जति **हरेक अधर्मबाट टाढै रहोस्** । ठूलो घरमा सुन र चाँदीका भाँडाहरु मात्र हुँदैनन्, तर काठ र माटोका पनि हुन्छन्, कुनै आदर र कुनै अनादरका निम्ति । जे कुरो अनादरको छ, यदि कसैले त्यसबाट आफूलाई शुद्ध पार्‍यो भने त्यो आदरका कामको लागि एउटा पात्र बन्नेछ, र घरका मालिकको निम्ति **चोखो, उपयोगी,** र कुनै पनि असल कामको निम्ति **तयार** रहनेछ । यसकारण **जवानीका अभिलाषाहरु त्याग**, र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरुका साथसाथै धार्मिकता, विश्वास, प्रेम र शान्तिको **लक्ष्य** राख । तर मूर्ख र बेसमझका सवाल जवाफलाई इन्कार गर तिमी जान्दछौ यिनीहरुबाट झगडा हुन्छ । प्रभुको सेवक झगडालु हुनुहुँदैन, तर हरेकको लागि दयालु, योग्य शिक्षक, सहनशील र नम्रतासाथ आफ्ना विरोधीहरुलाई सुधार्ने हुनुपर्दछ, र शायद परमेश्वरले तिनीहरुलाई पश्चाताप गर्ने, **सत्यतालाई बुझ्ने मन** दिनुहुनेछ । र तिनीहरु चेतना पाएर दियाबलसको पासोबाट उम्कनेछन्, जसले तिनीहरुलाई त्यसको इच्छाअनुसार चल्नलाई कैदी बनाएको छ ।

# २ मत्ती २६:४१ **जागा** रहो, **प्रार्थना** गर, र परीक्षामा **नपर** । **आत्मा त साँच्चै तयार छ**, तर **शरीर दुर्बल छ** ।

- हामीहरुको काम बासनाको चारा शैतानको जाललाई हेरि रहन हो ।
- समझदार हुन प्रार्थना गर्दैछौ । एफिसी ६:१८

- येशूको आज्ञापालन गर्नका लागि शरीर **कम्जोर** छ । तर काम बासनाका अनन्दलाई पाउँनका लागि **बलियो** छ ।

## **"हुँदैन" भन!**

त्यति नै आदम र अब्बाले गर्नु पऱ्यो – आज्ञापालन गर र "हुँदैन" भन। उनीहरु–लाई पापको परीणमको कुनै पनि अनुभव थिएन – **हामीलाई थाहा छ।**

**१ कोरिन्थी १०:१३** मानिसलाई आइपर्ने **परीक्षा**बाहेक तिमीहरु अरु परीक्षामा परेका छैनौ । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ । उहाँले तिमीहरुलाई तिमीहरुका शक्तिदेखि बाहिरका परीक्षाको साथसाथै उम्कने बाटो पनि **बनाइदिनुहुनेछ** । यसरी तिमीहरु त्यसलाई खप्न सक्नेछौ ।

## **केवल "हुँदैन" भन!**

उदाहरण : योसेफलाई जब उनको मालिकको श्रीमतीद्वारा परीक्षा ल्याईएको थियो तब उनले "हुँदैन" भनेर उनी त्यहाँबाट भागे ।
(उत्पत्ती ३९:५–१२)

### **तर, यदि कोही अघि बढ्छ र त्यस जाल तीर कदम बढाउँछ :**

२ तिमोथी २:२५–२६ र नम्रतासाथ आफ्ना विरोधीहरुलाई सुधार्ने हुनुपर्दछ, र शायद परमेश्वरले तिनीहरुलाई पश्चात्ताप गर्ने, **सत्यतालाई बुझ्ने मन दिनुहुनेछ**, र **तिनीहरु चेतना पाएर दियाबलसको पासोबाट उम्कनेछन्**, जसले तिनीहरुलाई **त्यसको इच्छा अनुसार चल्नलाई कैदी बनाएको छ ।**

- के तिम्रो जीवनमा यस्ता पक्षहरु छन् जसलाई दियाबलसले कव्जा गरेको छ ?

अहिले यस पृथ्वीमा रहदा हामी परमेश्वरको राज्यमा हिँड्नका लागि र उहाँसँग सङ्गति गर्नका लागि – हामीले दियाबलसलाई **"हुँदैन"** भन्नुपर्छ ।

र यदि हामीले **पाप गर्छौं** भने – त्यसबाट फर्क र स्वीकार गर । नत्रत : हामी अन्धकारको राज्यमा कदम बढाउँछौ र उहाँसँगको सङ्गतिबाट बाहिर हुन्छौ ।

१ यूहन्ना १:६ यदि **उहाँसँग हाम्रो सङ्गति** छ भनी हामी भन्छौ भने **अन्धकारमा नै हिँड्छौं** भनेता, हामी झूट बोल्छौँर सत्यमा चल्दैनौ ।

पापले तिमीलाई अपाङ्ग बनाउँछ !

१ पत्रुस ५:८ **सचेत** रहो, **जागा** रहो, तिमीहरुको शत्रु दियाबल**स कसलाई भेट्टाऊँ र खाइहाँलू** भनी गर्जने सिंहझैँ **खोजिहिँड्छ** ।

तिम्रो जीवनमा पाप छ भने तिमी सिंह भित्रको घाइते गजील जस्तै हो जो अफ्रीकालाई पिडीत बानाएको छ ।

- सिंहले के खान्छ ? जवाफ : मासु!
- उसको राज्यमा कदम बढाउँनेहरुलाई खोज्दै ।

जब हामी पाप गर्छौ > हामीले दियाबलसलाई मौका दिन्छौँ
(२ कोरिन्थी २:११ : एफिसी ४:२७)
गलाती ५:१६–१७ तर म भन्दछु, **पवित्र आत्माद्धारा हिँड**, र **पापमय स्वभावका लालसा** पूरा नगर । किनकि पापमय स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन्, अनि पवित्र आत्माको इच्छा पापमय स्वभावको विरुद्ध । तिमी जे गर्न चाहन्छौ त्यसबाट तिमीहरुलाई रोक्नका निम्ति **यी चाहिँ एक–अर्काको विरुद्धमा हुन्छन्** । (उदाहरण : असल र खराब कुकुर)

गलाती ५:१९–२१ **पापमय स्वभावका कामहरु** प्रत्यक्ष छन्, जो यी नै हुन् – (१) व्यभिचार, (२)अपवित्रता, (३)लम्पटपना, (४)मूर्तिपूजा, (५)मन्त्रतन्त्र, (६)दुश्मनी, (७) झैँझगडा, (८)ईर्ष्या, (९)क्रोध, (१०)स्वार्थीपन, (११)फूट, (१२)गुटबन्दी, (१३)डाह, (१४)पियक्कडपन, (१५)अशलील मोजमज्जा र यस्तै अरु, जसका विषयमा म तिमीहरुलाई चेताउनी दिन्छु, र अघि पनि दिएकै हुँ । **जस– जसले यस्ता कामहरु गर्दछन्, परमेश्वरका राज्यका हकदार बन्नेछनन्** ।

- यहाँ र अहिले उनीहरुले हक पाउँने छैनन् र मजा गर्न पाउँनेछैनन् ।
- यसले निश्चयरुपमा नै परमेश्वरको राज्यलाई **यहाँ र अहिले**, यस पृथ्वीमा नै अधिकार गर्ने बारे बताउँछ, जसै हाम्रो "पुरानो पापमय" स्वभाव यस पृथ्वीमा नै हाम्रो शरीरमा नै छोडिन्छ र स्वर्गमा जाँदैन । मात्र "परमेश्वरबाट जन्मिएको नयाँ मानिस" जो चाहिँ "धार्मिक र पवित्र" छ स्वर्गमा लगिन्छ ।

१कोरिन्थी १५:५० मासु र रगत स्वर्गको राज्यको हकदार हुनसक्दैन

मात्र तिम्रो नयाँ स्वभाव जुन चाहिँ धार्मिक र पवित्र छ त्यो हकदार हुन्छ ।

- हरेक नयाँ गरि जन्मिएकाहरुसँग अनन्तको जीवन छ जसै उनीहरुमा उहाँको रगतमा भएको नयाँ करारद्धारा "नयाँ स्वभाव" छ । २ कोरिन्थी ५:१९

➢ यी खण्डहरुमा अनन्तको जीवन प्रश्न होइन ।

प्रश्न यो हो कि :

- आज तिमी कुन राज्यमा जीई रहेकाछौ ?
- के तिमी अन्धकारको राज्यमा हकवाला झैँ जीई रहेका छौं ?
  वा परमेश्वरको राज्यमा ?
- आज के तिमी परमेश्वरको राज्यको आशिषलाई अपनाई रहेकाछौ/लिई रहेकाछौ वा अन्धकारको राज्यको सरापलाई !?!?!?

गलाती ५:२२ **तर पवित्र आत्माको फलचाहिँ** प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन् ।

हरेक दिन परमेश्वरको राज्यमा जीउँनका लागि, विवाद यो हो कि – तिमी कसलाई आफ्नो जीवनलाई नियन्त्रण गर्न दिन्छौं ? मासु ? वा पवित्र आत्मा ?

हामी कुनै न कुनै :

पवित्र आत्माद्धारा नियन्त्रण गरिएको हुन्छ – परमेश्वरको राज्य रोमी १४:१७

वा

शरीरद्धारा नियन्त्रण गरिएको ! —> अन्धकारको राज्य

गलाती ५:२४–२५ तर तिनीहरु, जो खीष्ट येशूका हुन्, तिनीहरुले **पापमय स्वभावलाई** त्यसको **वासना** र **लालसा**सहित **कूसमा टाँगिदिएका** छन् । हामी **पवित्र आत्माद्धारा** जिउँछौ भने आत्माकै **अनुसार हिँडौं** । एन एल टि

गलाती २:२० **म खीष्टसँगै कूसमा टाँगिको छु, अब उप्रान्त जिउने म होइनँ,** तर **खीष्ट ममा जिउनुहुन्छ** । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।

- के तिमीले मरेको मानिसले पाप गरेको देखेका छौं ?
- सबै जानाले गलाती २:२० लाई कण्ठ गर्नुपर्छ र त्यस अनुसार जीउँनुपर्छ !
  गलाती ५:२५ हामी पवित्र आत्माद्धारा जिउँछौं भने आत्माकै अनुसार हिँडौं ।

**रोमी ६:१२–२३** (विश्वासीहरुका लागि लेखिएको)

यसकारण शरीरका अभिलाषा अनुसार चल्नु नपरोस् भनी तिमीहरुका **मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ** । आफ्ना शरीरका अङ्गाहरु दुष्टताका साधनको रुपमा पाप गर्नलाई जीवनमा **नगर** । तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरुजस्तै **आफैलाई परमेश्वरकहाँ दिइहाल**, र शरीरका अङ्गहरुलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर । किनकि **पापले तिमीहरुमाथि राज्य गर्नेछैन,** किनकि तिमीहरु व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ । के तिमीहरु जान्दैनौ, आज्ञाकारी कमाराको रुपमा आफैलाई जसकहाँ समर्पण गर्छौ, जसको कमारा पनि हुन्छौ ? कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारिताको ?

हितोपदेश ३:७–८ आफ्नै नजरमा बुद्धिमान् नहोऊ, परमप्रभुको भय मान् र **दुष्कर्मलाई त्याग्** । यसले तेरो शरीरलाई **स्वस्थ** तुल्याउनेछ र तेरो हड्डीको लागि पोषण दिनेछ ।

हितोपदेश ८:३६ तर जसले मलाई भेट्टाउन चुक्छ, त्यसले आफैलाई नोक्सानी गर्छ । मलाई घृणा गर्ने सबैले मृत्युसित प्रेम राख्छ ।

हितोपदेश १३:२१ पापीहरुलाई दुर्भाग्यले लखेट्छ, तर धर्मीको इनाम नै समुन्नति हो । एन एल टि
हितोपदेश २२:५ दुष्टका मार्गहरुमा काँढा र पासाहरु लुकिएका हुन्छन्, तर जसले आफ्नो प्राणको रक्षा गर्छ, त्यो त्यस्ता कुराहरुदेखि टाढै रहन्छ । एन एल टि

बेथस्दाको जल कुण्डमा निको परिएको आफ्नो ओछ्यान उठाऊ र हिँड ।

यूहन्ना ५:१४ त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, हेर, तिमी निको भएका छौ । फेरि पाप नगर, र तिमीमाथि अझ बढी खराबी आई नपरोस् ।

हामीहरुले प्रेरितहरुले गरेका जस्तै गर्न पर्दैन – गलत निष्कर्ष गर ।
यूहन्ना ९:१–३ त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जम्मैको अन्धालाई देख्नुभयो । उहाँका चेलाहरुले उहाँलाई सोधे,“रब्बी, कसले पाप गर्‍यो, यसले कि यसका आमाबुबाले, र यो अन्धो जन्म्यो ?” येशूले जवाफ दिनुभयो, “न त यसले पाप गर्‍यो न यसका आमाबुबाले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस्”

१ यूहन्ना २:१ मेरा साना बालकहरु, **तिमीहरु पाप नगर** भनी म यी कुरा तिमीहरुलाई लेखिरहेछु । तर कुनै मानिसले पाप गर्‍यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात् धार्मिक येशू ख्रीष्ट ।

१ पत्रुस २:२१–२४ किनकि यसैको निम्ति तिमीहरु बोलाइएका हौ । ख्रीष्टले पनि तिमीहरुका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरुका लागि एउटा उदाहरण छोडिजानुभयो, र **तिमीहरु उहाँकै पाइलामा हिँड्नुपर्छ** । उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा

पाइएन । तिनीहरुले उहाँलाई अपमान गर्दा **उहाँले साटो फेर्नुभएन** । दुःख भोग्नुहुँदा उहाँले **धम्की दिनुभएन** । तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो । **हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं** भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो । उहाँकै चोटहरुद्धारा तिमीहरु निको भयौ ।

हामीहरुले – कुनै पनि पाप गर्न हुँदैन! – पापलाई हुँदैन भन्नुपर्छ !

के तिमीले त्यो गर्न सक्छौ ?

फिलीप्पी ४:१३ जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।

मैले "हुँदैन !" भन्नुपर्छ

तिमी भित्र को छ ? येशू ख्रीष्टको "**पवित्र**" आत्मा!

रोमी १४:१७ परमेश्‍वरको राज्य चाहिँ . . . पवित्र आत्मामा **धार्मिता** र **शान्ति** र **आनन्द** हो ।

हामी उहाँको **राज्य** हुनुपर्छ र उहाँको **पुजाहारी** र यस **पृथ्वीमा शासन** गर्नुपर्छ ।

उहाँले **हामीलाई** ख्रीष्टमा सधैं **विजयको** निम्ति **डोर्‍याउनुहुन्छ**, र **उहाँको ज्ञानको** सुबास्ना हामीद्धारा हरेक स्थानमा **फैलाउनुहुन्छ** ।

२ कोरिन्थी २:१४

आज निर्णय गर :

यहोशू २४:१५ आज निर्णय गर कि तिमी कसको सेवा गर्छौ ।

- पापलाई "हुँदैन" भन्न
- झगडा सुरु गर्न, युद्ध गर्न ताकि आत्मसंयमको अभियास गर्न
- ख्रीष्टले स्वतन्त्र गर्नुभएको स्वतन्त्रतामा हिँड्नका लागि
- "परमेश्‍वरको राज्यालाई र उहाँको सत्यतालाई खोज्नका" लागि
  तिम्रो हातमा चाबिहरु छन् – **प्रयोग गर !!**
  येशू कैदमा भएकाहरुलाई छुट्कारा दिन आउँनु भयो ।

# २ साँचोको परिचय

तिम्रो जीवन तिमीले प्रत्येक दिनमा गरेको तिम्रो निर्णय र छनोटको परीणाम हो । र ती निर्णयहरु तिम्रा प्राथमिकताले निर्धारित गर्छन् – जे तिम्रो लागि महत्वपूर्ण र तिम्रो समय र पैसाले प्राप्त गर्नका लागि योग्य छ ।

- तिमीले आज लिने निर्णयले तिम्रो भविष्यलाई निर्धारण गर्छ ।
- तिम्रो आजको निर्णयले तिम्रो भोलीको लागि ढोकाहरु खोल्ने वा बन्द गर्ने गर्छ ।
- तिम्रो हातमा ती साँचाहरु छन् ।
- तिमीले भूत कालमा लिएका सम्पूर्ण निर्णयहरु तिम्रो आजको जीवन हो ।
- तिमीले आज गर्ने निर्णयले तिम्रो भोलीको जीवनलाई निर्धारण गर्छ ।
- तिम्रो जीवन तिम्रो प्राथमिकताको पदर्शन हो – तिमीले के खोज्छौ र केलाई कतिको मुल्य ठान्छौ ।

तिमीले लिएको सबै भन्दा ठूलो र एकदमै महत्वपूर्ण निर्णय भनेको येशू ख्रीष्टलाई विश्वास गर्नु र उहाँलाई मुक्तिदाताको रुपमा स्वीकार गर्नु हो ।

दोस्रो र त्यति कै महत्वपूर्ण निर्णय चाहिँ येशूलाई तिम्रो जीवनको प्रभु बनाउँन हो ।

तिमी किन मलाई प्रभु, प्रभु भनि बोलाउँछौ र मैले भनेको गर्दैनौ ?
लूका ६:४६

तिमीले यी प्रश्नहरुको जवाफ दिनुपर्छ
यदि येशू प्रभु हुनुहुन्छ भने : पहिलो कुरा जुन उहाँले हामीलाई भन्नुहुन्छ :

- **पहिले (१) परमेश्वरको राज्य** र उहाँको (२) **धार्मिकताको** खोजी गर र यी सबै थोक तिमीहरुका निम्ति थपिनेछन् । मत्ती ६:३३

**यसैले, यदि येशू प्रभु हुनुहुन्छ भने :**
तिम्रो जीवनमा # १ प्राथमिकता चाहिँ : परमेश्वरको राज्य हो

आशिषीत र सफलताको जीवनको आधार चाहिँ – हाम्रो सृष्टिकर्ता, उद्धारकर्ता र प्रभुद्धारा बनाएको प्रथमिकताहरुलाई पाउँनुदै जानु हो ।

# १ "**पहिले परमेश्वरको राज्यको खोजी गर**"। **राज्य के हो त ?**

- एउटा राज्यमा **एउटा राजा** हुन्छ । तिमी येशू हौ ?

१ तिमोथी ६:१५ अनि धन्य र सर्वोच्च, **राजा**हरुका महाराजा, **प्रभु**हरुका महाप्रभुले उचित समयमा ख्रीष्टको आगमनलाई प्रकट गर्नुहुनेछ ।

प्रकाश १७:१४ उहाँ **प्रभु**हरुका प्रभु र **राजा**हरुका राजा हुनुहुन्छ

प्रकाश १९:१६ उहाँका पोशाक र तिघ्रामा राजाहरुका **राजा** र प्रभुहरुका **प्रभु** अङ्कित छ ।

- राजा **अधिकारको** अन्तिम र सर्वश्रेष्ठ स्रोत हो ।
  - o यसैले **परमेश्वरको राज्य** = **परमेश्वरको राजसत्ता** ।
  - o उहाँको राज्यको खोजी गर्नु भनेको उहाँको राज्यसत्तालाई खोज्नु हो ।

- राजाको **शव्द** नै अन्तिम हो र उनको **इच्छा नै पुरा गरिदछ** ।
  त्यसमा कसैले बहस गर्न, छलफल गर्न, चुनौति दिन वा संशोधन गर्न पाउँदैन ।
  तपाईको राज्य आओस्, **तपाईको इच्छा** स्वर्गमा झैं यस पृथ्वीमा **पुरा होओस् ।**

- एक धर्मि र परोपकरी राजाले आफ्नो लागि धनसम्पिती जम्मा गर्दैन तर उनको प्रजाहरुका लागि गर्दछ – **तिमी** । **पहिले परमेश्वरको राज्य** र उहाँको **धार्मिकताको** खोजी गर र **यी सबै थोक तिमीहरुका निम्ति थपिनेछन्** ।
- राजा आफ्नो राज्यको प्रभु वा मालिक पनि हो – सबै थोक उनकै हो ।
  - o **भजनसंग्रह २४:१ पृथ्वी** र त्यसमा **भएका जो– जति छन् सबै** परमप्रभुका हुन्, **संसार** र **त्यसमा** वास गर्नेहरु सबै उहाँकै हुन् ।
  - o **१** कोरिन्थी ६:१९ तिमीहरुको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरुले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरुभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरुलाई थाहा छैन ? तिमीहरु स्वयम् आफ्नै होइनौ । **तिमीहरु मोल तिरेर किनिएका हौ** । यसकारण तिमीहरुका शरीरमा परमेश्वरको महिमा गर ।
- परमेश्वरको राज्यमा कुनै पनि कुरा निजी सम्पिती स्वामित्व भन्ने हुँदैन । उहाँले हामीलाई जे दिनुहुन्छ हामी त्यसको भन्डारेहरु हौं तर मालिक होइनौं ।

१ कोरिन्थी ४:१–३ यसरी मानिसले हामीहरुलाई ख्रीष्टका **सेवक** र परमेश्वरका रहस्यहरुका **भण्डारे** ठान्नुपर्दछ । त्यसबाहेक यो आवश्यक छ, कि **भण्डारेहरु** विश्वासयोग्य ठहरिनुपर्छ । तर तिमीहरुबाछ वा मानिसको कुनै अदालतबाट मेरो इन्साफ हुनु, यो त मेरो निम्ति अति सानो कुरो हो, म आफै पनि आफ्नो इन्साफ गर्दिन ।

१ पत्रुस ४:८–११ सबै भन्दा बढी **एक अर्काप्रति तिमीहरुको प्रेम** अटूट रहोस् । किनकि प्रेमले नै असंख्य पापहरु ढाक्तछ । विनागनगन **एउटाले अर्काको अतिथिसत्कार** गर । जसले जस्तो वरदान पाएको छ, परमेश्वरका अनुग्रहका विभिन्न वरदान पाएका **भण्डारेझैं** ती एक अर्काको निम्ति प्रयोग गर । यदि कसैले बौल्दछ भने, परमेश्वरको वचन बोलेजस्तै

त्यसले बोलोस् । यदि कसैले **सेवा गर्छ** भने परमेश्वरले दिनुभएको शक्तिद्धारा त्यसले त्यो गरोस्, यस हेतुले कि सबै कुरामा येशू ख्रीष्टद्धारा परमेश्वरलाई नै प्रशंसा होस् । उहाँलाई नै महिमा र पराक्रम सदासर्वदा होस् । आमेन ।

# २ पहिले **उहाँको राज्य** र उहाँको धार्मिकता खोजी गर

रोमी १४:१७ किनभने **परमेश्वरको राज्य** भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा **धार्मिकता**, शान्ति र आनन्द हो ।

धार्मिकता – नैतिकरुपमा ठिक, पाप वा दोस रहित ।
जे ठिक छ त्यही गर्नुको परीणाम

परपमेश्वरको राज्य र धार्मिकता सधैंसँगै हुन्छ ।

- तिमीले एउटा अर्को बिना पाउँन सक्दैनौ ।
- यदि तिमीले उहाँको राज्यको खोजी गर्दैछौ भने, तिमीले उहाँको राजसत्तालाई पनि खोजी गर्छौ र यसकारण तिमीले धार्मिक जीवन जीउँछौ । **राजा**सँगको सहि सम्बन्धमा र **अरु**हरुसँगको सहि सम्बन्धमा, **प्रेम** चाहिँ शासन गर्ने सिद्धान्त हो ।

१ यूहन्ना ३:२२ २४ **हामी जे माग्छौं**, सो उहाँबाट पाउँछौं, किनभने हामी उहाँमा **आज्ञा** पालन गर्छौ, र उहाँलाई **मन पर्ने** कामहरु गर्छौं । **उहाँको आज्ञा यही हो,** कि हामीले उहाँका पुत्र येशू ख्रीष्टको नाउँमा **विश्वास** गर्नुपर्छ, र उहाँले हामीलाई आज्ञा दिनुभएबमोजिम एउटाले अर्कोलाई प्रेम गर्नुपर्छ । उहाँका आज्ञा पालन गर्नेहरु सबै उहाँमा रहन्छन्, र उहाँ तिनीहरुमा रहनुहुन्छ । उहाँले हामीलाई दिनुभएको पवित्र आत्माद्धारा हामी जान्दछौं, कि उहाँ हामीमा वास गर्नुहुन्छ ।

र हामी उहाँको राज्यमा बास गर्छौ . . . र सबै थोक तिमीलाई थपिनेछ ।

- **भविष्यमा** आउने परमेश्वरको राज्यमा हाम्रो प्रवेश, येशूको रगतद्धारा र उहाँमा विश्वास गर्ने सबै विश्वासीहरुमा उहाँले दिनुभएको धार्मिकताको उपहारद्धारा **निश्चित छ** । ( रोमी ३:२२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्धारा प्रकट भएको छ । किनभने केही भेद छैन,) । त्यसपछि र त्यहाँ, **स्वर्गमा**, शरीरका पापहरुबाट **स्वतन्त्र** भएर – हामी धार्मिकताको जीवन जीउँनेछौ ।

- **तैपनि, आज** परमेश्वरको राज्यमा जीउन र हिँड्नका लागि – **हामीहरुले**
  - **उहाँको राज्यको र धार्मिकताको खोजी गर्नुपर्छ**
  - **कसरी** ? यसो भन्दै . . .

पापलाई “हुँदैन” र येशूलाई “हुन्छ” ।

**# २ साँचो :** येशूलाई “हुन्छ” भन

लूका ६:४६–४९ **मैले भनेका कुरा गर्दैनौ** भने **किन** मलाई प्रभु, प्रभु भन्दछौ ? जो मकहाँ आउँछ, मेरा वचन **सुन्छ** र **ती अनुसार गर्छ,** त्यो कस्तो मानिस हो, म तिमीहरुलाई बताउनेछु । त्यो एउटा घर बनाउने मानिसजस्तो हो, जसले गहिरो खनेर चट्टानमाथि जग बसाल्यो । अनि जब भल चल्यो, र जलप्रवाह उर्लिआएर त्यस घरमा ठोकियो, तब त्यस घरलाई हल्लाउन सकेन, किनकि त्यो पक्का बनाइएको थियो । तर जसले सुन्छ र पनि **त्यसअनुसार गर्दैन,** त्यो एक जना यस्तो मानिस हो, जसले जमिनमाथि जगविनाको घर बनायो । जब त्यस घरमाथि भल आएर ठोकियो, तब त्यो घर तुरुन्तै **ढल्यो,** र त्यस घरको ठूलो **सर्वनाश** भयो ।

अनाज्ञाकारीत एकदमै महङ्गो छ र तिमीले जे बनाउँन प्रयास गर्दैछौ यसले त्यसलाई ढाल्दीन्छ र भत्काई दिन्छ ।

यही नै आदम र हव्बाले गर्नु पऱ्यो –
शैतान र पापलाई “हुँदैन” भन र प्रभुलाई “हुन्छ” भन ।

उनीहरुसँग त्यस बगैचामा उपलव्द गराईएको सबै चाहिने थोकसँग धार्मिकता, शान्ति र आनन्द थियो । र प्रभुसँग एकदमै घनिष्ट सम्बन्ध थियो ।

उनीहरुले लिएको **निर्णयले** उनीहरुलाई त्यहाँबाट **बाहिर** निकालि दियो र उनीहरु आफैले आफ्नो लागि जुटाउँन पऱ्यो ।

परमेश्वरको राज्य र अदनको बगैचा सामान छ :

पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर र यी सबै थोक तिमीहरुका निम्ति थपिनेछन् ।

- बगैचामा सबै थोक दिइएको थियो !
- राजाले तिम्रो हेरचाहा गर्नेछ ।
- तर अनाज्ञाकारी हुनु भनेको चाहिँ तिमी आफैले आफैलाई उहाँको राज्यबाट बाहिर निकाल्नु हो ।

उदाहरण : एउटा मानिस जो दुई घरहरुको बीचमा भएको तारमा हिँदैछ । उनले सबै किसिमको स्टन्ट गरेका थिए । त्यसपछि एउटा गाडी ल्याइयो र सोध्यो “कसलाई यो लाग्छ कि मैले यस गाडीलाई अर्को पट्टि लान सक्छु ? धेरैले आफ्नो

हात उठाए । उनले भने “त्यसो भए आऊ र गाडी भित्र बस । यो सुनेर सबै जानाले हात तल झार्‍यो ।

ती जसले हात उठाएका थिए :

१. साँचै विश्वास गरेका थिए> अनन्त जीवन> मुक्तिदाता

यी जो उनको गाडीमा बसे : (गाडी = जी को के)

२. प्रतिबद्धता> फलवन्त जीवन> प्रभु

उनको गाडीमा बस्न पाउँनु भनेका चाहिँ :

- तिम्रो कार्यसूचिलाई छोड्नु हो र उहाँको कार्यसूचिलाई अघि राख्नु हो ।
- तिम्रो जीवनको तरीकालाई छोड्नु र आफ्नो तरीकामै सबै कुरा गर्नु हो
- तिम्रो प्राथमिकताहरुलाई परिवर्तन गर्नु हो
- उहाँको मूल्य प्रणालीलाई स्वीकार गर्नु हो
- उहाँलाई “छोड्नु” र “स्वीकार” गर्नुका लागि विश्वास चाहिन्छ
- संघर्ष तिम्रो दिमगबाट सुरु हुन्छ

मत्ती ७:१३–१४ **साँघुरो ढोका**बाट भित्र **पस**, किनभने विनाशमा(ती जो छेउमा हिड्छन्) पुर्‍याउने ढोका फराकिलो र बाटो सजिलो हुन्छ, र यसबाट भित्र पस्नेहरु धेरै हुन्छन् । किनभने जीवनमा पुर्‍याउने ढोका साँघुरो(तार) हुन्छ र बाटो कठिन हुन्छ, जसले चाहिँ जीवनमा पुर्‍याउँछ र त्यो भेट्टाउने थोरै नै हुन्छन् ।

**लूका ९:५९–६२** उहाँले अर्कोलाई भन्नुभयो, मेरो पछि लाग । तर त्यसले भन्यो, **पहिले** मेरा बाबुलाई गाड्न जान दिनुहोस् । उहाँले त्यसलाई भन्नुभयो, मुर्दाहरुलाई आफ्नै मुर्दा गाड्न देओ, तर तिमी गएर **परमेश्वरका राज्यको** सुसमाचार प्रचार गर । अर्काले पनि भन्यो, प्रभु, म तपाईको पछि लाग्नेछु, **तर पहिले** आफ्नो घरमा हुनेहरुबाट मलाई बिदा लिन दिनुहोस् । तर येशूले त्यसलाई भन्नुभयो, आफ्नो हात हलोमा लगाएर पछिल्तिर हेर्ने कोही पनि **परमेश्वरका राज्यको** योग्यको हुँदैन ।

- यदि येशू प्रभु हुनुहुन्छ भने, उहाँले तिम्रो जीवनमा **पहिलो स्थान** पाउँनु **नै** पर्छ ।
- उहाँ सबै प्रेम /सबै किसिमको निष्ठा/ सबै लक्ष्य /सबै महत्तोकान्क्षा/ सबै सपना भन्दा **पनि** माथि हुनुपर्छ ।

- ➢ उहाँ सबै कुराहरु भन्दा पहिलो हुनु **नै** पर्छ ।
- ➢ नत्रत, उहाँ साँचैमा तिम्रो जीवनको प्रभु हुनुहुन्न, तिम्रो भनाईलाई वास्ता नगरेको जस्तै हुन्छ ।

  लूका ६:४६ **तिमी मलाई किन प्रभु, प्रभु भन्छौ, र मैले भनेको गर्दैनौ ?**

उदाहरणहरु :

- नोआ – धर्मि थिए (उत्पत्ति ६:८–९) आज्ञापालन गरे र आफ्नो परिवारलाई बचाए । हिब्रू ११:७
- मोशा – चट्टानलाई हुकुम गर्न भनियो । अनाज्ञाकारी भए र हिर्काए । (गन्ती २०:८–१२)

उनलाई प्रतिज्ञाको देशमा जानलाई अनुमति दिईएको थिएन जुन एकप्रकारले परमेश्वरको राज्य जस्तै थियो

**यो हामीलाई पाठ सिकाउँनका लागि थियो!** १ कोरिन्थी १०:१–१३

- लोत – सदोममा बस्न चुने – उनको निर्णय/उनको प्राथमिकताले – उनको परिवारलाई नष्ट गऱ्यो । (२ पत्रुस २:७–८)
- अब्राहाम – विवहा बाहिरबाट उनले इश्माएललाई गर्भधारण गरे । (उत्पत्ति १६:२–४) यस दिनसम्म पनि उनले गरेको निर्णयले उनको परिवारलाई ठूलो चोट पारेको छ ।
- शमूएल – उनको अनाज्ञाकारीता र विद्रोहले गर्दा उनले र उनको परिवारले मूल्य चुकाउँनु परेको छ । (१ शामूएल १५:२२–२३)
- **पत्रुस लूका ५:१–११**

(१) मानिसहरु परमेश्वरको वचन सुन्न उहाँका चारैपट्टि ठेलमठेला गरिरहेका थिए, अनि उहाँ गनेसरेत झीलको किनारमा उभिरहनुभएको थियो ।

(२) उहाँकाले झीलको किनारमा दुई वटा डुङ्गा देख्नुभयो, तर जालहारीहरु चाहिँ डुङ्गा बाहिर बसी आफ्ना जालहरु धोइरहेका थिए ।

- म यो अनुमान गर्छु कि जसै सिमोन र उनको अरु साथीहरुले आफ्नो जालहरु धोई रहेका थिए उनीहरुले यस प्रवचन बोल्ने व्यक्तिलाई पनि हेरि रहेका थिए ।
- र त्यस पछि – अन्त्यम धेरै सरोकारसाथ – उनीहरुले यस प्रवचन वक्तालाई देखे – भीडको साथमा – उनीहरुको डुङ्गाहरु तिर आई रहेको ।

(३) ती दुईमध्ये एउटा डुङ्गाचाहिँ **सिमोनको** थियो । त्यसमा चढेर उहाँले डुङ्गालाई किनारबाट अलि पर लैजान लाउनुभयो । उहाँले डुङ्गामा बसेर भीडलाई शिक्षा दिन लाग्नुभयो ।

- अब सिमोन एकदमै थकित्, फोहोरी, भोकै र निराश थिए किनकि उनीहरुले एउटै पनि माछा पक्रेको थिएन र यस वक्ता, उनको डुङ्गामा बस्दै, उनलाई उनको सेवा गर्न भनि रहेको थियो । सिमोनले निर्णय लिनु पर्ने थियो ।
- र अब उनको धेरै जसो काम भनेको जसै यस वक्ताले भिडसँग बोल्दै गर्छ त्यतिन्जेलसम्म उनले त्यस डुङ्गालाई स्थीर गराई राख्नु पऱ्यो । तीस मिनेट, एक घण्टा, दुई घण्टे ?
- उनलाई निश्चित रुपमा नै यो लाग्यो कि उनीसँग थोरैमात्र छान्ने मौका थियो किनकि ती सबै मानिसहरु येशूको वचन सुन्नका लागि उहाँलाई हेर्दै र इच्छुक थिए । यो सिमोनको पहिलो सेवकाईको कार्य थियो चाहे यसमा उनको व्यवहार नराम्रो भए पनि । उनले वचन सुने ।
- तिमीलाई याद छ कहिले येशू ख्रीष्ट तिम्रो जीवनमा प्रबेश गर्नुभएको थियो ?

(४) बोलिसक्नु भए पछि, उहाँले सिमोनलाई भन्नुभयो, गहिरोतिर लगेर माछा पक्रनलाई आफ्ना जाल हान ।

- अब सिमोनलाई "दोस्रो दुरि" जानका लागि भनिएको थियो । के तपाई उसको अनुहारमा भएको उसको हेराईको कल्पाना गर्न सक्नुहुन्छ ?
- सिमोन एक दक्ष माझी थिए –उनीहरुले दिनरात काम गरे तर केही पनि पाएनन् . . . र यस वक्तालाई माछा समात्ने बारे के थाहा छ र उनले उनलाई फेरि जाऊ भन्नलाई ?
- यी सबै सिमोनको मनले भनेको भन्दा विपरीत थियो ।
- के पवित्र आत्माले तिमीलाई कहिल्यै केही गर्न भन्नुभएको छ, र तिम्रो मनले तिमीलाई भन्दै थियो : "यो गलत हो"– यो काम गर्दैन – अझैं राम्रो उपय छ

(५) तर सिमोनले भने, **गुरुज्यू,** हामीले रातभरि मेहनत गरेर पनि केही फेला पारेनौं, **तापनि तपाईको वचन अनुसार** म जाल हान्नेछु ।

- "गुरु" भन्ने शव्द ग्रीक शव्द हो जसको अर्थ "हामी माथिको गुरु" भनिन्छ ।
- यस समयमा सिमोनले येशूलाई गुरुको रुपमा मात्र चिनेको थियो ।
- तैपनि उनले असल निर्णय गरेको थियो, गुरुलाई मान्ने बारे ।
- यदि येशू हाम्रो प्रभु हुनुहुन्छ भने हाम्रो जवाफ सधैं :"तपाईको वचन अनुसार गर्छु" भन्ने हुन्छ ।

  तपाईको राज्य आओस् . . . कसरी ? . . . तपाईको इच्छा पुरा होस्

- उनको अभिप्रेरणा सायद सबै मानिसहरुले उनलाई हेरि रहेको भएको कारणले पनि हुनसक्छ ।

(६) अनि जब त्यसो गरे, तब तिनीहरुले **एक थुप्रो माछा** पक्रेर तिमीहरुका जाल फाट्न लागे । (७) तिनीहरुले अर्को डुङ्गामा भएका साझेदारहरुलाई आएर सहायता गर्ने इशारा गरे, र आएर तिनीहरुले **दुवै डुङ्गा माछाले भरे, यहाँसम्म कि डुङ्गाहरु डुब्न लागे** ।

- मत्ती ६:३३ पहिले परमेश्वरको राज्य र धार्मिकताको खोजी गर **र यी सबै थोक तिमीलाई थपिनेछ** ।
- हितोपदेश १०:२२ परमप्रभुको आशिषले धन सम्पत्ति ल्याउँछ, अनि उहाँले त्यसमाथि दु:ख थप्नुहुन्न । एन एल टि
- **महान आशिष** तब मात्र आउँछ जब हामी प्रभुको **आज्ञाकारी** बन्छौं र **उहाँको सेवा गर्छौं** ।

(८) तब यो देखेर येशूको पाउमा घोप्टो परी सिमोन पत्रुसले भने, हे **प्रभु**, मबाट जाइजानुहोस्, किनभने म पापी मानिस हुँ ।

(९) यतिका माछा पक्रेको देखेर तिनी र तिनको साथमा हुनेहरु सबैले साह्रै अचम्म माने ।

- यस्तो अचम्मको काम र उहाँको अधिकार देखे पछि, सिमोनलाई महसुस् भयो कि **उहाँ गुरु भन्दा पनि अझ बढी** हुनुहुदो रहेछ भनेर अब :
  - **उहाँलाई प्रभु भनि बोलाउँछन् ।**
  - र उहाँलाई अयोग्यताको र पापको लागि दोश्याईयो ।

परमेश्वरको राज्य = परमेश्वरको शासन

राज्य जाहाँ राजाको आज्ञापालन गरिदँछ – माछाद्धारा पनि

जब हामी येशूलाई **हुन्छ** भन्छौ र **उहाँको आज्ञापालन गर्छौं**, उहाँ हाम्रो उद्धारकर्ता मात्र हुनुहुन्न, तर हाम्रो उद्धारकर्ता र **प्रभु हुनुहुन्छ** !

(१०) त्यसै गरी जब्दियाका छोराहरु याकूब र यूहन्‍न पनि छक्क परे । तिनीहरु सिमोनसँग साझेदार थिए । येशूले सिमोनलाई भन्नुभयो, नडराऊ अब उप्रान्त तिमीले मानिसहरुलाई पक्रनेछौ ।

- सिमोनलाई **चुनिएको** थियो र एकदमै मुल्यवान कुराहरु पक्रनका लागि **बोलाईएको** थियो ।
- तिमी पनि– तिम्रो कामको पनि – महान उदेश्य छ र एकदमै मुल्यवान लक्ष्य छ – स्वर्गमा धन थुपार्नका लागि ।

(११) अनि जब तिनीहरुले आफ्ना डुङ्गाहरु पाखामा ल्याए, **तिनीहरुले सबै थोक त्यागे र उहाँको पछि लागे ।**

- येशू उनीहरुको जीवनमा प्रवेश गर्नुभई सकेको थियो/उनीहरुको डुङ्गा भित्र – वचन सुनाउँनु भयो – उहाँको अधिकारको प्रर्दशन गर्नुभयो – र अब उनीहरुले आ–आफ्नना डुङ्गा छोडे/ब्यबसाय र येशूको पछि लागे ।

- उनीहरुले आफ्ना डुङ्गा र श्रम उहाँको “एक पाङ्रे गाडामा” लगाए र उनीहरुलाई चाँहिने सबै थोक, प्रदान गरिएको थियो ।
- सिमोनको प्राथमिकता र मूल्य परिवर्तन भएको थियो ।

परमेश्वरको राज्य = परमेश्वरको शासन
त्यस क्षेत्र जहाँ राजाको आज्ञा मानिन्छ ।

जब हामी येशूलाई हुन्छ भन्छौँ र उहाँको आज्ञापालन गर्छौ, उहाँ हाम्रो उद्धारकर्ता मात्र हुनुहुन्न, तर उद्धारकर्ता र प्रभु, वा राजा हुनुहुन्छ ।

र हामी परमेश्वरको राज्यको सम्पूर्ण आशिषहरुमा आनन्दित हुन्छौँ

परमेश्वरको राज्यलाई पहिलो खोज्नु चाहिँ – यसो भन्नु हो :

पापलाई “हुन्दैन” र येशूलाई “हुन्छ”

यो हाम्रो निर्णय हो

जब शैतानले येशूलाई क्रूसमा टाँग्ने बारे निर्णय पाए

- म विचार गर्छु कि त्यो खुशीले चिच्चायो र उफ्रियो होला ।
- र जसै सिपाहीहरुले कार्रा लगाउँन थाले, त्यसले उनीहरुलाई ज्यादै क्रूरताले भरि दियो, निर्दयीता साथ कोर्राले प्रत्येक चोटी हाने ।
- बदला लिनका लागि शैतानले शताव्दीयौंदेखि कुरेर बसेको अवसर ।
- अन्त्यमा उनले उनको कट्टर प्रतिद्वन्दी माथि विजय पाए । शैतानले त्यसको पापको हतियार फाल्नु चाहिँ देखिने विजय थियो ।

तैपनि पुनरुथाले सबै कुरालाई उल्टो परिदियो र मृत्युद्धारा येशूले शैतात, पाप र मृत्युमाथि विजय पाउँनुभयो ।

- हिब्रू २:१४ किनकि छोरा–छोरीहरु मासु र रगतका सहभागी भएका हुनाले उहँले पनि त्यही स्वभाव लिनुभयो, ताकि **मृत्यु**द्धारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरुन्

- जब तिमी "तिम्रो क्रूस उठाउँछौं" –>आफ्नो लागि मृत्यु लिन्छौ, तिमीले शैतानको शक्तिहीनतालाई पनि प्रस्तुत गर्छौ !

र येशूले हामीलाई त्यो विजय दिनुभएको छ !

- रोमी १६:२० शन्तिका परमेश्वरको चाँडै नै शैतानलाई तिमीहरुका खुट्टामुनि कुल्चनुहुनेछ । हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरुसँग रहोस् ।

तर हामी मध्यका कोहीलाई यस विजयबाट तर्किनका लागि :

- येशूलाई "हुँदैन" भनेर पापलाई "हुन्छ" भनेर
- र परमेश्वरको राज्यबाट बाहिर निस्केर
- र अन्धकारको राज्यमा कदम बढाएर

जसै अरु व्यक्तिहरुले शैतानलाई पछ्याउँछ, त्यसलाई शक्तिशाली बनाउँ, र त्यसलाई अन्य परमेश्वरको सन्तानहरुबाट चोरन र नष्ट गर्न अनुमति दिन्छ, त्यतिबेला फेरि त्यो खुशी हुन्छ ।

"दुष्टहरुका लागि" मिठो प्रतिशोध ।

निर्णय तपाईको हो :

- आशिष वा सर्वनाश ?
- विजय जीवन वा हारेको जीवन ?
- दुष्टले तिमीलाई छुन सक्दैन – वा, त्यसको लागि खुल्ला ढोका छ
- धर्मिकता, शान्ति र आनन्द – वा, यी सबैको अभाव

निर्णय तपाईको हो
येशूलाई "हुन्छ" भन्नुहोस् र पापलाई "हुँदैन" भन्नुहोस्

तर यदि परमप्रभुको सेवा गर्न तिमीहरुलाई मन पर्दैन भनेता तिमीहरुले कसको सेवा गर्ने आजै तिमीहरुले रोज . . . तर म मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछौं ।

यहोशू २४:१५

प्रभुको आज्ञाकारी हुने बारे भाग २

## सिंहको गुफामा ज्यूने

पत्रुसले जे सिकेका छन् त्यो हाम्रो बीचमा बाडेका छन् : १ पत्रूस ५:८ सचेत रहो, जागा रहो, तिमीहरुको शत्रु दियावलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहझैं खोजिहिँड्छ ।

ढुकेर बसिरहेको – हेर्दै – पर्खदै – खोज्दै – कसैलाई

संसार दियाबलसको गुफा हो :

- १ यूहन्ना ५:१९ पुरा संसार नै दुष्टको अधिनमा छ
- शैतानलाई “संसारको शासक” पनि भनिन्छ :
  यूहन्ना १२:३१; १४:३०; १६:११; २ कोरिन्थी ४:४; एफिसी २:२; ६:१२

शैतान र त्यसको दानवसँग –संसारमा जीऊँनु भनेको – सिँहहरुसँग अफ्रिकामा बस्नु जस्तै हो ।

- सम्पुर्ण दुष्टबाट अलग बस । १ थेसलोनिकी ५:२२
- चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ यूहन्ना १०:१०

**एफिसी ४:१७–५:२**

२७ पद : हामीलाई चेतावनी दिएको छ –**“शैतानलाई अवसर नदेऊ”**

१७ पद : अन्यजातिहरु(अविश्वासी)जसरी तिनीहरुका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी तिमीहरु अबदेखि उसो नजिओ (जिउँने) ।

- भिडलाई नपछ्याओ – अरुहरु जस्तो नहोओ !

१९ पद : तिनीहरु कठोर भएका छन् र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरु छाडा भएका छन् । (एनएलटी, एनआईभि, टिएलबि) यौन सम्बन्धी चित्रहरु//व्यभिचार//लागु औषधी//?//?

२२ पद : र **तिमीहरुको पुरानो स्वभाव त्याग** – तिम्रो त्यो पक्ष :

- तिमी विश्वासी हुन अघि नै थियो

- भिडलाई पछ्याऊ र "छली लालसाहरुद्वारा भ्रष्ट भएका" छलगरिएको

२३ पद : **र आफ्नो भित्री वर्तावमा नयाँ होओ**

- तिमीले आफ्नो विचार परिवर्तन गर्नुपर्छ।
- परिणामलाई महसुस गर
- निर्णय गर

२४ पद : र **नयाँ स्वभाव धारण गर** – तिम्रो त्यो पक्ष :

- "फेरि जन्मिएको" थियो पवित्र आत्माद्वारा जन्मिएको
परमेश्वरको स्वरुपमा साँचो धार्मिकता र **पवित्रतामा** सृष्टि भएको नयाँ स्वभावलाई धारण गर।
- प्रभु येशू र उहाँको मार्गलाई पछ्याउँछन्
- धार्मिकता र पवित्रतामा हिँड्दछ

२५ पद : यसकारण **झूट त्यागेर सत्य बोल**

- नयाँ स्वभाव – सत्य बोल पुरानो स्वभाव – झूट बोल्छ

२६ पद : क्रोध गर, तर पाप नगर।

- पुरानो स्वभाव – क्रोधलाई नियन्त्रण गर्न सक्दैन

एफिसी २:१–७ तिमीहरु आफ्ना अपराध र पापहरुद्वारा **मरेको** बेलामा उहाँले तिमीहरुलाई जीवित पार्नुभयो। (२) यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिक अनुसार, **अनाज्ञाकारिताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरु अघि एक पल्ट चल्दैथियौ।** (३) तिमीमध्ये **हामी सबै पनि** शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका **लालसामा अघि जिउँथ्यौं**, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं। (४) परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, (५) यसकारण पापमा हामी मरेका भए तापनि उहाँले **हामीलाई खीष्टसँगै जीवित पार्नुभयो** – अनुग्रहबाट नै तिमीहरुले उद्धार पाएका छौ। (६) र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरुमा (सकिएको काम हो) खीष्ट येशूसँग (रगतद्वारा) बसाल्नुभयो।( ७) यो चाहिँ खीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरुमा देखाउनलाई हो। एन एल टी

२ कोरिन्थी ६:१७ यसकारण तिमीहरुका **बीचबाट निस्केर आओ** र तिमीहरुबाट तिमीहरु **अलग होओ,** परमप्रभु भन्नुहुन्छ । अशुद्ध कुरा केही नछोओ र म तिमीहरुलाई ग्रहण गर्नेछु । एन एल टि

एफिसी ५:१–२ यसकारण तिमीहरु प्रिय बालकहरुझैं **परमेश्वरको देखासिकी** गर्नेहरु होओ । तिमीहरु प्रेममा चल, जसरी खीष्टले पनि हामीहरुसँग प्रेम गर्नुभयो . . .

- संसारिक अविश्वासीहरुको देखासिकी नगर
- येशूको देखासिकी गर, प्रेममा हिँड

के हुन्छ जब हामी शैतानलाई मौका दिन्छौं ।

- सिंहले के खान्छ ? मासु !
- शरीर अनुसार हिँड्नु भनेको चाहिँ लङ्गडो मृग सिँहहरु भएको अफ्रिकामा हुनु जस्तै हो ।
- त्यसलाई अवसर नदेओ – त्यो एकदमै छिटो छ

उदाहरण : दानिएल सिंहको खोरमा दानिएल ६

दानिएल ६:३–४ अब दानिएलले असाधारण गुणहरुद्वारा आफैलाई ती अध्यक्षहरु र प्रान्तका बडाहाकिमहरुका बीचमा यस्तो फरक देखाए कि राजाले तिनलाई सम्पूर्ण राज्यको शासक नियुक्त गर्ने योजना गरे । तब अध्यक्षहरु र प्रान्तका बडाहाकिमहरुले दानिएलको विरुद्ध अभियोग लगाउनका निम्ति सरकारी कामकारबाईहरुमा तिनको दोष खोज्न लागे, तर त्यसो गर्न उनीहरु असमर्थ भए ।

(७) राजकीय अध्यक्षहरु, प्रान्तका बडाहाकिमहरु, इलाका अधिकारीहरु, राज्यपालहरु, र सल्लाहकारहरु, सबैले यो मन्जूर गरेका छन् कि राजाले एउटा आदेश निकाल्नुपर्छ र त्यस आदेशलाई लागू गर्नुपर्छ, जस अनुसार आगामी तीस दिनसम्म हजूरबाहेक कुनै देवता वा मानिसलाई **कसैले प्रार्थना गरे भने,** हे महाराजा त्यस्ता व्यक्ति सिंहको खोरमा फालिनेछन् ।

(१०) जब दानिएलले त्यो आदेश प्रकाशित भएको थाहा पाए, तिनी आफ्नो घरको माथिल्लो तलाको कोठामा भए, जहाँ झ्यालहरु यरुशलेमतिर खुला थिए । पहिलेजस्तै तिनी दिनमा तीन पल्ट घुँडा टेकी परमेश्वरलाई धन्यवाद दिँदै प्रार्थना गर्थे ।

उनले के गरे ? के प्रभुलाई भन्दा भिडलाई पछ्याए ?

**होइन !** तिनी आफ्नो घरको माथिल्लो तलाको कोठामा भए, जहाँ झ्यालहरु यरुशलेमतिर खुला थिए । पहिलेजस्तै तिनी दिनमा **तीन पल्ट घुँडा टेकी** परमेश्वरलाई **धन्यवाद दिँदै प्रार्थना गर्थे** ।

- कानूनको कारणले गर्दा होइन, तर उनले प्रभुलाई प्रेम गरेको कारणले गर्दा हो . . .
- उनले **इच्छा गरे** र सधैं परमेश्वरको राज्यलाई बेबिलोनको राज्य भन्दा **पहिलो प्राथमिकतामा** राखि खोजे ।

मत्ती ६:३३ तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिनीहरुका निम्ति थपिनेछन् ।

## जब तिमी भिडलाई पछ्याउँदैनौ :

- तिम्रो धार्मिकता – जे सहि छ त्यही गर्दै – अरुहरुलाई दोशि ठहराउँछ, कोहीले तिमीलाई पछ्याउँछन्, कोहीले पछ्याउँदैनन्, र अरुहरु चाहिँ तिमी तिर फर्कन सक्छ ।
- ती जो तिमीबाट तर्किएर गएका छन्, ती मध्य केहीले तिमीलाई पनि उनीहरुसँग सहभागी हुनका लागि बाध्य गर्न सक्छ ।
- १ पत्रुस ४:४ तिमीहरु तिनीहरुसँग भ्रष्टताको बाटोमा नहिँडेका देखेर तिनीहरु छक्क पर्छन्, र तिमीहरुको बदख्वाइँ गर्छन् ।

दानिएल ६:१६ यसकारण राजाले हुकुम दिए, र उनीहरुले दानिएललाई लिएर **सिँहको खोरभित्र फालिदिए** । राजाले दानिएललाई भने, तिमीले निरन्तर सेवा गरेका तिम्रा परमेश्वरले तिमीलाई छुट्कारा दिऊन् ।

दानिएल ६:१९,२० बिहान झिसमिसेको पहिलो किरणमा नै राजा उठेर आतुरीसाथ सिंहको खोरतिर गए । जब उनी सिंहको खोरको नजिक आइपुगे, उनले दानिएललाई वेदनापूर्ण स्वरमा बोलाए, ए दानिएल, जीवित परमेश्वरका सेवक, के तिमीले निरन्तर सेवा गरेका तिम्रा परमेश्वरको तिमीलाई सिंहहरुबाट बचाउनुभएको छ ?

दानिएल ६:२१ दानिएलले उत्तर दिए, महाराजा अमर रहून्....(२२) मेरा परमेश्वरले आफ्ना स्वर्गदूत पठाउनुभयो, र उहाँले सिँहहरुका मुख थुनिदिनुभयो । तिनीहरुले मलाई कुनै चोट

पुऱ्याएका छैनन्, किनभने उहाँको दृष्टिमा म निर्दोष भेट्टाइएँ । महाराजा, हजुरको सामु पनि मैले कुनै गल्ती गरेको छैनँ ।

**र प्रभुले तिम्रो निम्ति त्यही नै गर्नुहुनेछ !**

## प्रभुले किन सिंहको मुख बन्द गरिदिनुभएको होला ?

#१ (२२ पद) उहाँको दृष्टिमा म **निर्दोष** भेट्टाइएँ

दानिएलले शैतानलाई अवसर दिएको थिएन !

मत्ती १०:१६ हेर, म तिमीहरुलाई ब्वाँसाहरुका बीचमा भेडाझैँ पठाइरहेछु, यसकारण तिमीहरु सर्पझैँ चनाखो र ढुकुरझैँ निर्दोष होओ ।

रोमी १६:१९ तिमीहरुको आज्ञाकारिता सबै मानिसहरुमा जाहेरै छ, र तिमीहरुको कारण म आनन्द गर्दछु । तर म चाहन्छु, कि जे असल छ त्यसको निम्ति तिमीहरु बुद्धिमान् होओ, र जे खराब छ त्यसमा दोषरहित रहो ।

फिलिप्पी २:१५ कि तिमीहरुचाहिँ निर्दोष र सिधा भएर टेढा र बरालिएका पुस्ताको बीचमा परमेश्वरका निष्खोट सन्तान होओ, जुन पुस्ताको बीच संसारमा तिमीहरु ताराहरुझैँ चम्कन्छौ ।

१ यूहन्ना ५:१८ परमेश्वरबाट उत्पन्न भएको कसैले पनि **पाप गरिरहँदैन,** तर परमेश्वरका पुत्रले त्यसलाई सुरक्षित राख्नुहुन्छ, र **दुष्टले त्यसलाई छुँदैन** ।

**र दुष्टले त्यसलाई छुँदैन ।** १ यूहन्ना ५:१८

प्रश्न यो हो – म कसलाई प्रसन्न पार्न चाहान्छु ? . . मलाई स्वीकार गर्न ?

गलाती १:१० के म मानिसहरुको निगाह खोज्दैछु, कि परमेश्वरको ? अथवा के मैले मानिसहरुलाई खुशी पार्न खोज्दैछु ? यदि मैले अझै मानिसहरुलाई खुशी पार्न कोसिस गरेको भए म ख्रीष्टको दास **हुनेथिइनँ** ।

कलस्सी १:१० र उहाँलाई पुर्ण रुपले **प्रसन्न पार्ने** प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दैजान सक ।

- भीडलाई नपछ्याउ
- संसारका बाटोहरुलाई नपछ्याउ
- मानिसलाई खुशी पार्ने नबन

o शैतानलाई अवसर नदेओ

## र प्रभुले सिंहको मुखलाई बन्द गरिदिनुहुनेछ

#२. महाराजा, हजूरको साम् पनि **मैले कुनै गल्ती गरेको छैनँ** । (दानिएल ६:२२)

- उनले सधैँ आफ्ना मालिकको आज्ञापालन गरेर उनको सेवा गरे
- त्यही कुराहरु मात्र गरे जुनले उनको मालिकलाई फाइदा हुन्थ्यो ।
- के आजकालका कर्मचारीहरुले यसो गर्छन् ?

कलस्सी ३:२२–२३ कमारा हो, प्रत्येक कुरामा यस संसारका आफ्ना मालिकहरुर्ला आँखाका अगाडि खुशी तुल्याउने मात्र होइन, तर साँचो हृदयले प्रभुको डर राखेर तिनीहरुका **अधीनमा बस** । तिमीहरु जे गर्छौ दिलोज्यानले गर्ने गर, मानिसको होइन, प्रभुको सेवा गरेजस्तै,

रोमी १३:१–२ हरेक व्यक्ति शासन गर्ने प्रशासकहरुका अधीनमा बसोस् । परमेश्‍वरबाट आएको अधिकारबाहेक अरु कुनै अधिकार हुँदैन । जुन प्रशासकहरु छन्, ती परमेश्‍वरबाटै नियुक्त भएका हुन् । यसकारण प्रशासकहरुका विरुद्धमा खुडा हुनेले परमेश्‍वरबाट नियुक्त भएकाहरुको विरोध गर्छ, र जसजसले विरोध गर्छन्, तिमीहरुले दण्डको आज्ञा पाउनेछन् ।

३. दानिएल ६:३(क) अब दानिएलले **असाधारण गुणहरुद्धारा** आफैलाई ती अध्यक्षहरु र प्रान्तका बडाहाकिमहरुका बीचमा यस्तो फरक देखाए

- अरु भन्दा फरक
- भिडलाई वा संसारका मार्गलाई पछ्याएनन्
- आफु भन्दा माथिको व्यक्तिहरुको सेवक बने
- विश्‍वासयोग्य
- परिश्रमी अरुलाई सफल बनाउँन कार्य गरि रहने आफैलाई होइन
- कहिले पनि गनगन वा गुनासो गरेन

दानिएल ६:३(ख) राजाले तिनलाई सम्पूर्ण राज्यको शासक नियुक्त गर्ने योजना गरे ।

- भजनसंग्रह ५:१२ किनकि हे परमप्रभु, तपाईले **धर्मी**हरुलाई आशिष दिनुहुन्छ, ढालले रक्षा गरेझैँ आफ्नो **कृपा दृष्टिले तिनीहरुलाई घेरिराख्नुहुन्छ** ।

"र दुष्टले उनलाई छुँदैन" १ यूहन्ना ५:१८

#४. दानिएल ६:४–५ तब अध्यक्षहरु र प्रान्तका बडाहाकिमहरुले दानिएलको विरुद्ध अभियोग लगाउनका निम्ति सरकारी कामकारबाईहरुमा तिनको **दोष खोज्न लागे, तर त्यसो गर्न उनीहरु असमर्थ भए । उनीहरुले तीनमा कुनै पनि भ्रष्टाचार भेट्टाउन सकेनन्, किनभने तिनी विश्वासयोग्य थिए, र तिनी न त भ्रष्ट न लापरवाही नै थिए ।** (५) अन्तमा ती मानिसहरुले भने, हामीले यस दानिएलको विरुद्धमा अभियोगको लागि उसका परमेश्वरको व्यवस्थासम्बन्धमा बाहेक, कुनै पनि आधार कहिल्यै पाउन सक्नेछैनौं ।

- कुनै पनि अभियोग लगाउँने ठाउँ छैन– दोष छैन/गलत काम पनि छैन

## कति उत्कृष्ट गवाही !

हितोपदेश ११:५ **निर्दोषहरु**को धार्मिकताले तिनीहरुको बाटो सोझो हुन्छ, तर दुष्टहरुको आफ्नै दुष्टताले गर्दा तिनीहरु होच्याइन्छन् ।

प्रेरित २४:१६ यसैले परमेश्वरप्रति र मानिसहरु प्रति म सधैँ शुद्ध विवेक राख्ने प्रयत्न गर्दछु ।

फिलीप्पी २:१४१५ गनगन अथवा वाद विवाद नगरी सबै काम गर्दै जाओ, कि तिमीहरु चाहिँ **निर्दोष** र **सिधा** भएर टेढा र बरालिएका पुस्ताको बीचमा परमेश्वरका निष्खोट सन्तान होओ, जुन पुस्ताको बीच **संसारमा तिमीहरु ताराहरुझैँ चम्कन्छौ** ।

२ पत्रुस ३:१४ यसकारण प्रिय हो, तिमीहरु यी कुराको प्रतीक्षा गर्नेहरु भएका हुनाले, उहाँको दुष्टिमा तिमीहरु दाग वा **खोट नभएकाहरु** र शान्तिमा बस्नेहरु हुन प्रयन्त गर ।

दोस्रो व्यक्तिको उदाहरण जसमा विशिष्ट खालको आत्मा थियो :

**योसेफ** – जब उनको मालिकको श्रमतिले उनलाई  अनैतिक परीक्षामा पार्नका लागि खोजेको थियो तब उनी त्यसबाट भागे । प्रभुले उनलाई आशिष दिनुभयो उहाँले र उसलाई मीश्रको सम्पत्तिमा दोस्रो अधिकारी बनाउँनुभयो ।

हितोपदेश १०:२२ परमप्रभुको आशिषले धन सम्पत्ति ल्याउँछ, अनि उहाँले त्यसमाथि दुःख थाप्नुहुन्न ।

## र प्रभुले सिंहको मुखलाई बन्द गरिदिनुभयो

र दुष्टले तिमीलाई छुँदैन !

सफल व्यक्तिको लक्षणहरु :

- भ्रष्ट हुँदैन – अनैतिक, बेइमान र छल गर्ने होइन
- लापरवाही होइन – तिमीले जे गर्नुपर्ने हो त्यो गर्नका लागि असफल हुनु
- अल्छी हुँदैन – आफैले परिश्रम गर्न नचाहाने, अल्छी
- जे गरिनु पर्ने हो त्यो हेरेर गर्ने – गरि हाल ! तिमीले जस्तो पायौ त्यस्तै छोडिदेऊ, वा राम्रो गर
- परिश्रमी – हरेक कामलाई प्रभुबाटको विशेष जिम्मेवारी हो भनी दृष्टिले हेरि त्यसलाई पुरा गर्नका लागि आफ्नो सम्पुर्ण बल बलाउँनु ।

कलस्सी ३:२३ तिमीहरु जे गर्छौ दिलोज्यानले गर्ने गर, मानिसको होइन, तर प्रभुको सेवा गरेजस्तै   एन एल टि

र प्रभुले सिंहको मुख बन्द गरिदिनुहुनेछ

**दानिएलले शैतानलाई अवसर दिएनन्..वा दिने पनि थिएनन्**

(एफिसी ४:२७)

तिमीले पनि त्यही गर्न सक्छौ !

फिलिप्पी ४:१३ म सबै कुरा गर्न सक्छु . . .

**सदाचार** – जसै म पापलाई “हुँदैन” र येशूलाई “हुन्छ भन्छु” तब म मेरो जीवनबाट नैतिक उत्कृष्टता र पवित्र आत्माको पवित्रतालाई प्रकाश गर्दछु ।

**इमान्दारी** – उच्च स्तरको नैतिकता र नैतिकहरुको कठिनाईमा पनि स्थीरतासाथ पालन गरिरहने ।

र प्रभुले सिंहको मुख बन्द गरिदिनुहुन्छ

र दुष्टले तिमीलाई छुन सक्दैन

त्यस पछि तिमी त्यहाँ हिँड्नेछौ र परमेश्वरको राज्यको आशिषको उतराधिकार हुनेछौ ।

भजनसंग्रह १५ हे परमप्रभु, तपाईको पवित्रस्थान(राज्य)मा कसले वास गर्न पाउनेछ ? तपाईको पवित्र पर्वत(राज्य भित्र)मा को बस्न पाउनेछ ?

१. त्यो मानिस, जसको **चाल निर्दोष** छ, र जसले **ठीक ठीक** काम गर्छ, र हृदयबाट **सत्य** बोल्छ,

२. जसले आफ्नो जिब्रोले अरुको **निनन्दा गर्दैन**, जसले आफ्नो छिमेकीको **बिगार** गर्दैन, र आफ्नो साथी भाईको **अपवाद फैलाउँदैन**,

३. जसले भ्रष्ट मानिसलाई **घृणा** गर्दछ, तर परमप्रभुको भय मान्नेहरुलाई **आदर** गर्दछ, जसले आफ्नो हानि हुँदा पनि आफूले प्रतिज्ञा गरेको कुरा **बद्लँदैन** ।

४. **यस्ता काम गर्ने कहिल्यै पनि डग्नेछैन ।**

यो व्यक्ति अगुवा हो

यस्तो व्यक्ति तिम्रो राज्यलाई चाहिन्छ ।

- तिम्रो व्यापारका लागि चाहिन्छ
- तिम्रो परिवारका लागि चाहिन्छ
- तिम्रो विद्यालयका लागि चाहिन्छ
- तिम्रो मित्रहरुलाई चाहिन्छ

अन्धकारका दुष्ट शक्तिहरुको विरुद्धमा एकलै भए पनि खडा रहने इच्छा !

दुष्टले तिम्रो विरुद्धमा कस्ता कस्ता शक्तिसाली हतियारहरु तयार गरेर राखेको छ ?

संसारलाई यस्ता अगुवाहरु चाहिन्छ जसले **पापलाई "हुदैन" भनोस्**
उनीहरुको विरुद्धमा खडा भएका शक्तिहरुको विरुद्ध जानुपरेता पनि ।

एफिसी ६:११–१७ दियाबलसका युक्तिहरुका विरुद्धमा **खडा हुन** सक्नलाई परमेश्वरका **सारा हातहतियार धारण गर** । किनकि हामीहरुको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरुका विरुद्ध, शक्तिहरुका विरुद्ध, वर्तमान अन्धकारका संसारिक शासकहरुका विरुद्ध र स्वर्गीय स्थानहरुमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरुका विरुद्ध हो । यसैकारण परमेश्वरको सारा हातहतियार उठाओ, र यसरी खराब दिनको **सामना** गर्न सक, र सबै काम गरेर **खडा हुन सक्ने** होओ । यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती पाता लाएर खडा होओ, र खुट्टामा मिलापको सुसमाचारको जुत्ता लाएर तयार होओ । साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरु दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ । मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो ।

हितोपदेश २:७ उहाँले ईमानदारको लागि आफ्नो भण्डारमा विजय **साँचेर** राख्नुभएको छ, जसको चाल निर्दोष छ तिनीहरुका लागि उहाँ **ढाल** हुनुहुन्छ, एन एल टि

## र प्रभुले सिंहको मुख बन्द गरिदिनुहुनेछ

भजनसंग्रह ८४:११ किनकि परमप्रभु परमेश्वर सूर्य र **ढाल** हुनुहुन्छ, परमप्रभुले निगाह र इज्जत प्रदान गर्नुहुन्छ । सत्य मार्गमा हिँड्नेहरुलाई परमप्रभुले कुनै भलो थोकबाट वञ्जित राख्नुहुन्न ।

## एक्लै खडा होओ . . . वा . . भिडलाई पछ्याउ ?

हितोपदेश १०:९ **ईमानदार** मानिस निर्धक्क हिँड्छ । तर टेढो चाल चल्ने पकाउ पर्नेछ । एन एल टि

मत्ती ७:१३–१४ साँघुरो ढोकाबाट भित्र पस, किनभने विनाशमा पुऱ्याउने ढोका **फराकिलो** र **बाटो सजिलो** हुन्छ, र यसबाट भित्र पस्नेहरु धेरै हुन्छन् । किनभने जीवनमा पुऱ्याउने ढोका **साँघुरो** हुन्छ र बाटो **कठिन** हुन्छ, जसले चाहिँ **जीवन**मा पुऱ्याउँछ र त्यो भेट्टाउने थोरै नै हुन्छन् ।

हितोपदेश ११:३ **ईमानदारी** नै सोझाहरुको पथ प्रदर्शन हो(प्रभुले सिंहको मुख बन्द गरिदिनुहुन्छ), तर विश्वासघातीहरु आफ्नै कपटले नष्ट हुन्छन् । एन ए एस् यु

#३ साँचोको परिचय :

**तिम्रो जीवन** तिमीले हरेक दिन लिने **निर्णय र छनौटको** परिणामा हो । र ती निर्णयहरु तिम्रो प्राथमिकताले निर्धारण गर्दछ.–के चाहि तिमीले महत्वपूर्ण ठान्छौ र तिम्रो समय र पैसाद्धारा प्राप्त गर्न चाहान्छौ ।

हामीले सधैँ हाम्रा बच्चाहरुलाई भन्थ्यौं :

- तिमीले आज लिने निर्णयले तिम्रो भविष्य निर्धारित गर्छ ।
- तिमीले आज लिएको निर्णयले तिम्रो भोलीको ढोकाहरु खुल्न वा बन्द हुन सक्छ ।
- साँचोहरु तिम्रै हातमा छन् ।
- तिम्रो अहिलेको जीवन तिमीले विगतमा लिएको निर्णयको परीणाम हो ।
- तिम्रो भोलिको जीवन तिमीले आज गरेको छनोटमा निर्धारित हुँदछ ।
- तिम्रो जीवन तिम्रो प्राथमिकताहरुको प्रदर्शन हो – तिमीले के को चाहान गर्छौ र केलाई मुल्यको ठान्छौ ।

येशू ख्रीष्टमा विश्वास गर्नु र उहाँलाई अपनाउँनु चाहि तिमीले अहिलेसम्म लिएको सबै भन्दा महान र सबै भन्दा महत्वपूर्ण निर्णय हो ।

जब तिमीले विश्वास गर्दछौ, त्यस पछि धेरै कुराहरु हुँदछ :

#१. फेरि जन्मिएको

**१ पत्रुस १:२३** परमेश्वरको जीवित र नित्य रहने वचनद्धारा विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरु **नयाँ गरी जन्मेका** छौ ।

#२. मृत्युबाट निकालिएर जीवनमा ल्याईएको

**यूहन्ना ५:२४** साँच्चै, म तिमीहरुलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित **अनन्त जीवन छ** । त्यो न्यायमा आउँदैन, तर **मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ** ।

#३. प्राथमिकता – सोचाई – कार्यहरु परिवर्तन हुन्छ

२ कोरिन्थी ५:१७ यसकारण कोही ख्रीष्टमा छ भने **त्यो नयाँ सृष्टि हो** । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ ।

#४. नयाँ हृदय पाएको – नयाँ नाम – नयाँ आत्मा ।

इजकिएल ३६:२६ म तिमीहरुलाई एउटा **नयाँ हृदय** दिनेछु र तिमीहरुभित्र म **नयाँ आत्मा** हालिदिनेछु । तिमीहरुबाट ढुङ्गाको हृदय निकालेर म त्यसको सट्टामा तिमीहरुलार्य मासुको हृदय दिनेछु ।

यशैया ६५:१५ तिमीहरुले आफ्नो नाउँ मेरा छानिएकाहरुका निम्ति सरापको रुपमा छोड्नेछौ र परमप्रभु परममेश्वरले तिमीहरुलाई मार्नुहुनेछ । तर उहाँले आफ्ना दासहरुलाई अर्को नाउँ दिनुहुनेछ ।

प्रकाश २:१७ त्यसलाई म . . . दिनेछु . . . नयाँ नाउँ . . .

#५. उहाँले हामीलाई **अन्धकारको राज्यदेखि छुटाउनुभयो**, र आफ्ना प्रिय पुत्रको **राज्यभित्र** हामीलाई **सार्नुभएको** छ । उहाँमा हाम्रो उद्धार, अर्थात पापको क्षमा छ । कलस्सी १:१–३१

हामी भित्र भएको **नयाँ,** फेरि जन्मिएको **व्यक्ति** स्वर्ग राज्यमा **सारिएको** छ ।

- र परमेश्वरको स्वरुपमा साँचो **धार्मिकता** र **पवित्रतामा** सृष्टि भएको **नयाँ स्वभावलाई** धारण गर । (एफिसी ४:२४)
- स्वर्गको राज्यमा हाम्रो पुरानो पापमय स्वभाव लिएर प्रवेश गर्न सक्दैनौ ।

१ कोरिन्थी ६:८–१० **अधर्मीहरु परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरुलाई थाहा छैन ?**

गलाती ५:१८–२४ म तिमीहरुलाई चेलाउनी दिन्छु, र अघि पनि दिएकै हुँ । जस जसको यस्ता कामहरु गर्दछन्, **परमेश्वरका राज्यका हकदार बन्नेछैनन्** ।

- पवित्र आत्माद्धारा चलाइनका लागि –>परमेश्वरको राज्यमा हिँड्नु हो
- जब शरीरद्धारा चलाइन्छ –>हामी संसारको राज्यमा हिँड्दछौ ।

- यसैले यो एकदमै महत्वपूर्ण हुन्छ कि हामीले आफ्नो क्रूस बोकेर आफ्नो पुरानो स्वभावलाई क्रूसमा टाँगिदिन ।

कोही म पछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार **गरोस्,** र दिनहुँ **आफ्नो क्रूस बोकेर** मेरो पछि लागोस् । लूका ९:२३ –२४

नयाँ नाम धारण गर्नुको उदाहरण :

यूहन्ना १:४२ येशूले उनलाई हेर्नुभयो र भन्नुभयो, तिमी योआनेसको छोरा सिमोन हौ, तिमी केफास (अरामिक – जसलाई पत्रुस भनिएर अनुवाद गरिन्छ) यो समयमा उनी नयाँ गरि जन्मिएको थिएन ।

“भनिनेछ” अहिले होइन, तर भविष्यमा, कहिले ?

जब उनको नाउँ परिवर्तन हुनेछ –> जब उनले विश्वास गरे :

मत्ती १६:१३१९ येशू कैसरिया फिलिप्पीको मुलुकमा आउनुभएपछि, उहाँले आफ्ना चेलाहरुलाई सोध्नुभयो, “मानिसहरुले मानिसको पुत्रलाई को हो भनी भन्छन् ?”(१४) तिनीहरुले जवाफ दिए, “कसैले बप्तिस्मा दिने यूहन्ना, कसैले एलिया, र कसैले यर्मिया वा अगमवक्ताहरुमध्ये कुनै एक जना हुन् भनी भन्छन् ।” (१५) उहाँले तिनीहरुलाई सोध्नुभयो, “तिमीहरु के भन्छौ, म को हुँ ?”(१६) सिमोन पत्रुसले जवाफ दिए,“तपाई ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र ।”(१७) येशूले तिनलाई भन्नुभयो,“योनाको छोरो **सिमोन,** तिमी धन्य हौ । किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो ।”(१८) म तिमीलाई भन्दछु, कि **तिमी पत्रुस** (पेट्रोस) **हौ** । म मेरा मण्डली यस चट्टान(पेट्रोस) माथि स्थापित गर्नेछु, र नरकका ढोकाहरु त्यसमाथि विजयी हुनेछैनन् । (१९) **म तिमीलाई स्वर्गको राज्यका साँचाहरु दिनेछु** । जे तिमीले पृथ्वीमा बाँध्नेछौ (निषेध), सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाउँनेछौ(अनुमति दिनु), सो स्वर्गमा फुकाइनेछ । (मत्ती १८:१८)

यी साँचाहरु पृथ्वीमा प्रयोग गर्नका लागि हुन् ! (भजनसंग्रह ११५:१६ पृथ्वी मानिसलाई दिइएको)

**पेट्रोस;** सानो ढुंगा, पत्थर / **पेट्रा** ठूलो ढुगां वा चट्टान ।

भजनसंग्रह ९५:१ आओ, आओ, परमप्रभुको निम्ति हामी आनन्दले गाऔं, हाम्रो **उद्धारको चट्टानकहाँ** चर्को सोरले कराऔं। भजनसंग्रह ८९:२६ २ शमूएल २२:३, ४७

येशू > "चट्टान हुनुहुन्छ" > "जग ढुंगा"

१ कोरिन्थी ३:११ किनकि जुन **जग** बसालिसकिएको छ, जो येशू ख्रीष्ट हुनुहुन्छ, त्यसबाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन। मत्ती ७:२४ यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चाट्टानमाथि बनायो।

हामीहरु सबै जाना "साना ढुंगाहरु" हौं। १ पत्रुस २:४–८

२ कोरिन्थी ५:१७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो **नयाँ सुष्टि** हो। पुरानो बितिगएको छ, हेर, **नयाँ** आएको छ।

- नयाँ नाम
- नयाँ व्यक्ति एफिसी ४:२२२४ "नयाँ स्वभाव"

एफिसी ४:२२–२४ छली लालसाहरुद्वारा भ्रष्ट भएका तिमीहरुको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरुको **पुरानो स्वभाव**(तिमी भित्र भएको सिमोन) **त्याग** । र आफ्नो भित्री वर्तावमा नयाँ होओ, र परमेश्वरको स्वरुपमा **साँचो धार्मिकता** र **पवित्रतामा** सृष्टि भएको **नयाँ स्वभावलाई**(तिमी भित्र भएको पत्रुसलाई) **धारण गर** ।

## #३ साँचो नयाँ स्वभावलाई धारण गर

नयाँ स्वभावमात्र परमेश्वरको राज्यमा प्रवेश गर्न सक्छ जुन चाहिँ सत्यतामा र पवित्रतामा निर्माण गरिएको छ।

हामीहरु फेरि जन्मिए पछि अब हामीमा दुई ओटा स्वभावहरु हुन्छन्, एउटामात्र होइन!

- **"पुरानो व्यक्तित्व"** – पुरानो स्वभाव–सिमोन
  - ✓ आफ्नो लागि मात्र ज्यूँ छ
  - ✓ शरीरद्धारा नियन्त्रण गरिएको
  - ✓ काम बासनाद्धारा प्रेरित गरिएको
  - ✓ पापलाई "हुन्छ" भन्छ

- **"नयाँ व्यक्तित्व"**– नयाँ मानिस – पत्रुस
    - ✓ अरुको लागि ज्यूँ छ
    - ✓ पवित्र आत्माद्धारा नियन्त्रण गरिएको
    - ✓ प्रेमद्धारा प्रेरित भएको
    - ✓ प्रभुलाई "हुन्छ" भन्छ

**असल खबर चाँहि यो हो कि :**

शैतानले नयाँ मानिसलाई छुन सक्दैन..हामी भित्र भएको पत्रुसलाई !

- याकूब ४:६–७ परमेश्वरले अभिमानीहरुको विरोध गर्नुहुन्छ, तर नम्रहरुलाई अनुग्रह गर्नुहुन्छ । यसकारण आफैलाई परमेश्वरको **अधीनमा राख** । दियाबलसको **विरोध** गर, र त्यो तिमीहरुबाट भाग्नेछ ।
- १ यूहन्ना ५:१८ परमेश्वरबाट उत्पन्न भएको(नयाँ मानिस)कसैले पनि पाप गरिरहँदैन, तर परमेश्वरका पुत्रले(कि त नयाँ मानिस वा येशू) त्यसलाई सुरक्षित राख्नुहुन्छ र दुष्टले त्यसलाई छुँदैन ।
- हितोपदेश १:३३ तर **मैले भनेको कुरा जस जसले सुन्छन्** तिनीहरु **सुरक्षामा** जिउनेछन्, र **हानिनोक्सानीको डरैविना ढुक्क रहनेछन्** ।

**नराम्रो खबर चाँहिँ :**

शैतानले पुरानो स्वभावमा आक्रमण गर्न सक्छ.. हामी भित्र भएको सिमोनलाई !

**एफिसी ४:१७ –३२** पद २७ **शैतानलाई मौका नदेओ**

**कस्ता कस्ता पापहरुले शैतानलाई मौका दिँदछ ?**

एफिसी ४ (१७) अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि [१]अन्यजातिहरु जसरी तिनीहरुका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी तिमीहरु अबदेखि उसो नजिओ । (१८) तिनीहरुका **हृदयको कठोरताले** ल्याएको तिनीहरुका अज्ञानताको कारणले तिनीहरु परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र **तिनीहरुको समझ अन्धकारले भरिएको छ** । (१९) तिनीहरु कठोर भएका छन् र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरु छाडा भएका छन् । (२०) तर खीष्टलाई त तिमीहरुले यसरी जानेका छैनौ । (२१) येशूमा भएको सत्यताअनुसार उहाँको विषयमा तिमीहरुले सुनेका र सिकाइएका छौ भी म ठान्छु । (२२) छली लालसाहरुद्धारा भ्रष्ट भएका तिमीहरुको

अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरुको पुरानो स्वभाव त्याग । (२३) र आफ्नो भित्री वर्तावमा नयाँ होओ, (२४) र परमेश्वरको स्वरुपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर । (२५) यसकारण [२]झूट त्यागेर हरेकले आ आफ्नो छिमेकिसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक अर्काका अङ्गहरु हौं । (२६) क्रोध गर, तर पाप नगर । [३] घाम अस्ताउन अघि नै तिमीहरुको रीस मरोस् (२७) र दियाबलसलाई मौका नदेओ । (२८) चोर्नेले [४]अब उसो नचोरोस् बरु उसले परिश्रम गरोस् । उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परमेकाहरुलाई दिन सकोस् । (२९) तिमीहरुका मुखबाट [५]कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मिठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरुलाई अनुग्रह मिलोस् । (३०) अनि परमेश्वरका पवित्र आत्मालाई[६] दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरु छाप लगाइएका छौ । (३१) सबै [७]तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरुले त्यागिदेओ । (३२) जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरुलार्य क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कोलाई क्षमा गरेर तिमीहरु एक अर्काप्रति कोमल मनका र दयालु होओ ।

**२ कोरिन्थी २:१०–११** जसलाई तिमीहरु क्षमा गर्छौ, म पनि क्षमा गर्छु । यदि मैले कसैलाई केही कुरामा क्षमा गरेको छु भने तिमीहरुकै खातिर ख्रीष्टको उपस्थितिमा क्षमा गरेको छु, (११) **ताकि शैतानले हामीलाई फसाउन नपाओस्,** किनकि त्यसका युक्तिहरुका विषयमा हामी अजान छैनौ ।

- **क्षमा दिन नसक्ने** अवस्थाले शैतानलाई फाइदा हुँदछ, त्यसको लागि ढोका खुलिदछ

**मत्ती १८:२१–३५** (३२) तब मालिकले त्यस नोकरलाई आफूकहाँ बोलाएर भने, ए दुष्ट नोकर, तैंले मसँग बिन्ती गरिस्, र मैले तँलाई तेरो ऋण माफी गरिदिए । (३३) मैले तँमाथि दया गरेझैं तैले पनि तेरो सङ्गी नोकरमाथि दया गर्नुपर्नेथिएन ? (३४) तब त्यसका मालिकले क्रुद्ध भएर त्यसलाई सबै ऋण नतिरुञ्जेल दण्ड दिनेहरुका हातमा सुम्पिदिए ।

(एन आई भी –झ्यालखाना प्रभुखको हातमा यातान दिनका लागि, एन ए एस्– यातना दिने व्यक्ति : के जे–यातना)

- १ पत्रुस ५:८ सचेत रहो, जागा रहो, तिमीहरुको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्नने सिंहझै खोजिहिँड्छ ।

❖ चिडियाखानामा भएको जस्तै – पिंजडा **भित्र** वा **बाहिर** खडा भएको ।

❖ सिंहको ठाउँमा वा बाहिर बार लगाएर सुरक्षित पारिएको ।

**उदाहरण यातना दिनेहरुका हातमा सुम्पियो भनेको जस्तै**

**लूका २२:३१..३४** सिमोन, सिमोन, हेर **शैतानले तिमीलाई गहूँजस्तै निफन्ने अनुमति मागेको छ,** तर मैले तिम्रो विश्वास नडगमगोओस् भनेर तिम्रो निम्ति **प्रार्थना** गरें, र **फेरि तिमी मतर्फ फर्केपछि** ( पक्षाताप, यो देखाउँछ कि उनले पाप गरेका थिए) तिम्रा भाइहरुलाई स्थिर गराऊ । अनि पत्रुसले उहाँलाई भने, हे प्रभु म तपाईसँग झ्यालखानामा र मृत्युसम्मै जान तयार छु (हामी हेर्ने छौं)। अनि उहाँले भन्नुभयो, पत्रुस, म तिमीलाई भन्दछु, **तिमीले मलाई चिन्दिनँ भनेर तीन पल्ट अस्वीकार** नगरुञ्जेल आज भाले बास्नेछैन ।

शैतानले अनुमति माग्नुको कारण चाँहि पत्रुसले उसको क्षेत्रमा प्रबेश गरेको थियो :

पद २४ हेर : अब तिनीहरुमध्ये सबैभन्दा प्रमुख को गनिने हो भनी चेलाहरुका बीचमा वादविवाद हुन लाग्यो । पत्रुसले निश्चय रुपमा नै त्यस विवादलाई जिते जब उनले तिनीहरुलाई को चाहिँ पानी माथि हिँडेको थियो भनेर याद दिलाए पछि । घमन्ड !

अवलोकहरु :

१. शैतानले अनुमति पाउनु नै पऱ्यो । सिमोन येशूको थियो ।

२. केलाउनुले नचाहिँने कुरालाई (काम नलाग्ने कुरा) फाल्दछ र ती बीऊ जसमा जीवन छ त्यसलाई सम्हालेर राख्छ ।

३. येशूको प्रार्थनाको उत्तर आउँछ –“तिम्रो विश्वास असफल हुनेछैन ।”

४. जब तिमी फेरि फर्केर आउँने छौ (पश्चताप) बलियो होओ . . . **उनले आफ्नो सेवकाई गुमाएनन् ।** रोमी ११:२९ बरदानहरु र परमेश्वरको बोलावटहरु अटल छन् ।

५. साधारण खीष्टियन जीवन ज्यूनका लागि पुरानो जीवनमा भएको असल नियतहरु **मात्र पर्याप्त छैन** । तिमीले पुरानोलाई त्याग्नु पर्छ र नयाँलाई स्वीकार गर्नुपर्छ ।

६. मत्ती १०:३३ लाई तुलना गर तर हरेक जसले मलाई मानिसहरुका सामुन्ने इन्कार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने इन्कार गर्नेछु ।

- येशूले उनलाई पिताको अघि अस्वीकार गरेनन्, उहाँले उसको लागि प्रार्थना गर्नुभयो ।
- तसर्थ सहि बुझाई यो मात्र हुन सक्छ कि :
  अस्वीकार चाहिँ हृदयबाट हुन्छ तर मुखबाट वा व्यवहारबाट होइन ।

७. यदि तिमीले पाप गर्छौ भने– तिमी छिटै येशू कहाँ गएर आफ्नो पाप स्वीकार गरि हाल...र शैतानले आफ्नो अधिकार माग्न अघि हराई हाल किनकि पाप त्यसको राज्य हो ।

लूका २२:५४–६२ (५६) एउटी नोकर्नीले आगोको उज्यालोमा तिनलाई बसिरहेका देखेर नियालेर हेरी, र भनी, यी मानिस पनि तिनीसँगै थिए । (५७) तर पत्रुसले यसो भनेर इन्कार गरे, ए नारी, म उहाँलाई चिन्दिनँ । (५८) केही बेरपछि अर्कोले तिनलाई देखेर भन्यो, तिमी पनि तिनीहरुमधयेकै हौ । तर पत्रुसले जवाफ, ए मानिस म होइनँ । (५९) प्राय : एक घण्टा बितेपछि अर्को एक जनाले जोड दिएर यसो भन्यो, निश्चय नै यी मानिस तिनीसँगै थिए, किनकि यिनी पनि गालीली नै रहेछन् । (६०) तर पत्रुसले भने, ए मानिस तिमी के भनिरहेछौ, म जान्दिनँ । तिनी बोल्दाबोल्दै भाले बास्यो । (६१) अनि प्रभुले फर्केर पत्रुसलाई हेर्नुभयो । आज भाले बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ भनी भन्नुभएको प्रभुको वचन पत्रुसलाई याद भयो । (६२) र तिनी बाहिर निस्केर धुरुधुरु रोए । **यो चाहिँ पश्चताप हो ।**

सिमोनले प्रभुलाई इन्कार गऱ्यो – उनले उहाँलाई मेरेको देख्यो र यो देखेर उनलाई हार खाएको व्यक्ति जस्तै भयो ।

अस्वीकार गरेको महसुस भएरे–> सिमोन उनको पुरानो जीवनमा फर्केर जाँदै थियो ।

**यूहन्ना २१:३** सिमोन पत्रुसले तिनीहरुलाई भने, **म माछा मार्न जाँदैछु** । तिनीहरुले उनलाई भने, हामी पनि तिमीसँग आउँछौं । तिनीहरु गएर डुङ्गामा चढे, तर त्यो रात तिनीहरुले केही पक्रेनन् ।

यूहन्ना २१:१५..१७ जब तिनीहरुले खाइसके, तब येशूले सिमोन पत्रुसलाई भन्नुभयो, यूहन्नाका छोरा सिमोन, के तिमी मलाई यिनीहरुभन्दा बढी प्रेम गर्दछौ ? तिनले उहाँलाई भने, ज्यू प्रभु, तपाई जान्नुहुन्छ, म तपाईलाई प्रेम गर्छु । उहाँले तिनलाई भन्नुभयो, मेरा पाठाहरुलाई खुवाऊ । (१७) उहाँले फेरि दोस्रो पल्ट तिनलाई भन्नुभयो, यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम गर्दछौ ? तिनले उहाँलाई भने, ज्यू, प्रभु, तपाई जान्नुहुन्छ, म तपाईलाई प्रेम गर्छु । उहाँले तिनलाई भन्नुभयो, मेरा भेडाहरुको हेरचाहा गर । (१७) उहाँले तिनलाई तेस्रो पल्ट भन्नुभयो, यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम गर्छौ । पत्रुस दु:खित भए, किनकि उहाँले तेस्रो पल्टव तिनलाई के तिनी मलाई प्रेम गर्छौ ? भन्नुभयो । तिनले उहाँलाई भने, प्रभु, तपाई सब कुरा जान्नुहुन्छ । म तपाईलाई प्रेम गर्दछु भनी तपाईलाई थाहा छ । येशूले तिनलाई भन्नुभयो, मेरा भेडाहरुलाई खुवाऊ ।

- ३ पटकसम्म प्रभुलाई इन्कार गरे –उनले प्रभुलाई प्रेम गर्छ भनेर ३ पटकसम्म स्वीकार गरे ।

सिमोनलाई केलाइएको थियो –>कठिन पाठ सिके –>उनले आफ्नो सेवकाई गुमाएनन् (रोमी ११:२९)

उनी अब : प्रेमबाट प्रेरित भएको –>पवित्र आत्माबाट नियन्त्रण गरिएको –>अरुको लागि ज्यूने

**कि त** तिमीले प्रभुलाई निकाल वा दुष्टलाई !

प्रश्न यो हो कि–हामीले कसरी नयाँ मानिसलाई धारण गर्ने ?

१. यो एक संघर्ष हो, लडाई :

येशूले भन्नुभयो : तब तिमीहरुले सत्य के हो सो जान्नेछौ र सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछ। यूहन्ना ८:३२

- स्वतन्त्रता सत्यलाई जानेर सुरु हुन्छ।

होशे ४:६ मेरा प्रजा ज्ञानको कमीले गर्दा नष्ट भएका छन्।

- के यो तिम्रो समस्याको कारण हो त ?
- कि त तिमीलाई सत्यको बारेमा थाहा छैन वा तिमी अनाज्ञाकारी बन्दैछौ।

तिमीलाई जे थाहा छैन त्यसले निश्चित रुपमा नै तिमीलाई चोट पुर्‍याउँछ।
शैतानको राज्यबाट बाहिर निस्केर परमेश्वरको राज्यमा प्रवेश गर्नका लागि तिमीले **जान्नु** पर्ने **सत्य** र **पालन** गर्नुपर्ने चाहिँ एता छ।

एफिसी ४ (१७) अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि अन्यजातिहरु जसरी तिनीहरका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी तिमीहरु अबदेखि उसो नजिओ। (१८) तिनीहरका हृदयको कठोरताले ल्याएको तिनीहरुका अज्ञानताको कारणले तिनीहरु परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरुको समझ अन्धकारले भरिएको छ। (१९) तिनीहरु कठोर भएका छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरु छाडा भएका छन्। (२०) तर खीष्टलाई त तिमीहरुले यसरी जानेका छैनौ। (२१) येशूमा भएको सत्यताअनुसार उहाँको विषयमा तिनीहरुले सुनेका र सिकाइएका छौ भनी म ठान्छु। (२२) छली लालसाहरुद्धारा भ्रष्ट भएका तिमीहरुको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित **तिमीहरुको पुरानो स्वभाव त्याग**। र **आफ्नो भित्री वर्तावमा नयाँ होओ**, र परमेश्वरको स्वरुपमा साँचो **धार्मिकता र पवित्रतामा** सृष्टि भएको नयाँ स्वभावलाई धारण गर।

हाम्रो दिमाग /सोचाईमा जोड दिईएको छ
जब तिमीले जान्नेछौ र त्यसलाई आफ्नो जीवनमा वास्तविकता बनाउँछौ त्यो एकदमै महत्वपूर्ण छ।

हाम्रो दिमाग आत्मिकी सत्यद्धारा नयाँ हुन आवश्यक छ । त्यस पछि मात्र हामीले त्यो "नयाँ स्वभावलाई धारण गर्न सक्छौ "(२३ पद) ।

रोमी ६ (१) अब हामी के भनौं ? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त ? (२) त्यसो नहोस्.. हामी जो पापको लेखि मर्‍यौं, त कसरी हामी अझैं त्यसैमा जिउनु ? के तिमीमरु जान्दैनौ हामी सबै, जतिले खीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं ? (३) के तिमीहरु जान्दैनौ हामी सबै, जतिले खीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौ ? (४) यसकारण बप्तिस्माद्धारा हामी मृत्युमा उहाँसँगै गाडियौ ताकि जसरी पिताको महिमाद्धारा खीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि जयाँ जीवनको मार्गमा हिंडौं । (५) यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौ भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौ । (६) **हामी जान्दछौ कि**

**(बुदा #१)** हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं । (७) किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ (यौन अशुद्धता, अशुद्ध विचारहरु, काम बासनालाई पुरा गर्ने चाहाना) । (८) तर यदि हामी खीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने नि छौं भन्ने विश्वास गर्दछौं । (९) हामी जान्दछौं कि खीष्ट मरेकाहरुबाट जीवित भएर फेरि मर्नुहुनेछैन । अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन । (१०) जुन मृत्युमा उहाँ मर्नुभयो त्यो पापको लेखि सधैंको लागि एकै पल्ट मर्नुभयो । तर जुन जीवनमा उहाँ जिउँनुहुन्छ, त्यो परमेश्वरको निम्ति जिउनुहुन्छ ।

उहाँले हाम्रो ठाउँ लिनु भयो – उहाँले त्यो हाम्रो लागि गर्नुभयो – उहाँ हाम्रो साटो हुनुहुन्छ

- २ कोरिन्थी ५:१४–१५ खीष्टको प्रेमको हामीलाई बाध्य गराउँछ किनभने हामीलाई यो निश्चय छ कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे ।(१५) उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरु अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरुका खातिर मर्नुभयो र फेरि जीवित पारी उठाइनुभयो ।
- रोमी ५:८ तर परमेश्वरको हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै खीष्ट हाम्रा निम्ति मर्नुभयो ।
- यशैया ५३:५ तर ऊ त हाम्रा अपराधहरुका निम्ति छेडियो । हाम्रा अधर्मका निम्ति ऊ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्‍यो र उसको कौर्राको चोटले हामी निको भयौं ।

हामीलाई फाईदा !

उहाँले हाम्रो ठाउँ लिनु भयो – उहाँले हाम्रो लागि गर्नुभयो – उहाँ हाम्रो साटो हुनुहुन्छ

यदि उहाँले हाम्रो लागि गर्नुभएको हो भने, प्रभुले हामीलाई हेर्नु हुन्छ : मरेको–> छेडिएको–>थिचिएको–> ताडना दिएको–> निको परिएको !

**गलाती २:२०** म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।

## येशूको क्रूस–> तिम्रो पनि क्रूस हो !

- उहाँले हाम्रो पापको परिणाम भोग्नुभयो
- उहाँले हाम्रो लागि हाम्रो पापको ज्याला तिर्नू भयो– हामीलाई स्वतन्त्र गराउँन

त्यसो भए किन हामी मध्य कोही पनि अझै त्यस पिंजडामा बसि रहने त– पापको परिणाम भोग्दै ?

उहाँले ढोका खोल्नु भयो– तिमी बाहिर निस्कन सकछौ– स्वतन्त्र मानिस– पाप र त्यसको भयानक परिणामबाट स्वतन्त्र भएर !

**गलाती ५:१** स्वतन्त्रताको निम्ति ख्रीष्टले हामीलाई स्वतन्त्र पार्नुभएको छ । यसकारण दह्रा भएर खडा होओ र फेरि दासत्वको जुवामुनि नपर ।

**रोमी ६:१६–१९** के तिमीहरु जान्दैनौ आज्ञाकारी कमाराको रुपमा आफैलाई जसकहाँ समर्पण गर्छौ, जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको कमारा पनि  हुन्छौ ? कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारिताको ?(१७) तर परमेश्वरलाई धन्यवाद होस्, कि तिमीहरु जो एक पल्ट पापका कमारा थियौ अब जुन शिक्षाको नमूनामा तिमीहरु सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौं । (१८) तिमीहरु पापबाट मुक्त गराइएर धार्मिकताका कमारा बनेका छौ ।

"शीक्षाको आज्ञाकारी" कसरी ?

**बुदा #२ रोमी ६:११** [#२] **यसै गरी तिमीहरुले पनि आफू आफूलाई पापको लेखि मरेका, तर** ख्रीष्ट येशूमा **परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ ।**

## विचार गर्नु

- भर पर्न, अपेक्षा गर्न, विशेष रुपमा सोच्न ।
- सत्यलाई वास्तविक्ता बनाऊ– तिम्रो बनाऊँ !
- त्यसमा कार्य गर । त्यस अनुसार जीऊ ।
- येशूले तिम्रो लागि क्रूसमा प्राप्त गर्नुभएको कुरालाई बेवास्ता नगर ।
- येशूले तिम्रो लागि गर्नुभयो – तिमीलाई स्वतन्त्र गराउँन ।
- यो उहाँको लागि एकदमै दु:खको कुरा हो कि उहँले हाम्रो लागि जे प्राप्त गर्नुभयो त्यो ठूलो बलिदान दिएर त्यसो पूरा सदुप्रयोग नगरेको देख्नु ।
- तिमीले सत्यलाई तिम्रो आत्मिकि आँखाले हेर्नुपर्छ !
- अन्नतको दृष्टिबाट हेर ।
- तिमीले आफूले आफैलाई प्रभुले जसरी हेर्नुहुन्छ त्यसरी नै हेर ।

परमेश्वरको राज्यमा पूर्ण रुपमा र आशिषित हुँदै हिँड्नका लागि तिमीले विश्वासको कदम चाल्नु पर्छ र विश्वासको त्यो तहमा ज्यून पर्छ ।

उदाहरण :

१. तिमीले एउटा आधिकारि पत्र पायौ जसमा लेखेको छ कि तिमीले करोड रुपैया पाएका छौ । तिमीलाई थाहा छ कि त्यो तिम्रो हो । तर तिमीले त्यसलाई आफ्नो बनाउँनु पर्छ । जाऊ र लिऊ ।

२. तिमीसँग भएको चेक केही मुल्यको हुँदैन जबसम्म तिमीले त्यसबाट पैसा निकाल्दैनौ ।

३. तिम्रो बुबाले तिमीलाई नयाँ गाडी दिनुभयो तर तिमीले कहिले पनि चलाउँदैनौ । हवाईमा तिम्रो सम्पित्ति छ तर तिमी कहिले पनि जाँदैनौ । तिम्रो बुबालाई कस्तो लाग्ला ?

येशूले भन्नुभयो : तिमीले हरेक दिन आफ्नो क्रूस बोक ।

लूका ९:२३–२४ तब उहाँले सबैलाई भन्नुभयो, कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस् र दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस् । किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ । तर जसले मेरो खातिर आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो बचाउनेछ ।

## उहाँको र तिम्रो जीऊ : मृत्यु, गाडिनु र पुनरुथान !

- जे प्रेमबाट सुरु हुन्छ जीवनबाट अन्त्य हुन्छ । (यूहन्ना ३:१६)
- तर बिचमा चाहिँ मृत्यु छ ..

- ➢ प्रेमले आफैमा मृत्युको अनुभव गर्छ र त्यस पछि तिम्रो लागि जीवन र तिमीले प्रेम गर्नेहरुका लागि पनि ।
- ➢ साँचो प्रेममा सधैँ बलिदान हुन्छ ।

❖ आत्मिकि जीवनमा मृत्युबाट मात्र प्रवेश गर्न सकिन्छ ।

यूहन्ना १२:२४ साँच्चै, म तिमीहरुलाई भन्दछु, गहूँको दाना माटोमा परेर मरेन भने त्यो एउटै रहन्छ । तर त्यो मर्‍यो भने त्यसले धेरै फल फलाउँछ ।

पावलले रोमिहरु, गलातीहरु र कलस्सीहरुका बिचमा यस सत्यलाई जोड दिए ।

गलाती ३:१–११ हे मूर्ख गलाती हो, कसले तिमीहरुलाई मोहनी लाएर वशमा पा..यो ? तिमीहरुका आँखाकै सामुन्ने येशू ख्रीष्ट क्रूसमा टाँगिनुभएको कुरा स्पष्ट रुपले वर्णन गरिएको थियो ।(२) यति मात्र म तिमीहरुलाई सोध्न चाहन्छु तिमीहरुले पवित्र आत्मालाई व्यवस्थाका कामहरुद्धारा पायौ, कि सुनेका वचनमा विश्वास गरेर ?(३)के तिमीहरु यति मूर्ख छौ, कि आत्मामा सुरु गरेर शरीरमा शेष गर्दैछौ ?(४) के यतिका दुःख तिमीहरुले व्यर्थमा भोग्यौ त? यदि यो साँच्चै व्यर्थमा भयो भनेता ।(५) जसले तिमीहरुलाई पवित्र आत्मा दिनुहुन्छ, र तिमीहरुका माझ आश्चर्यकर्महरु गर्नुहुन्छ, के यो सबै उहाँले व्यवस्थाका तिमीहरुका कामको कारणले गर्नुभएको हो, कि सुनेका वचनमा तिमीहरुले विश्वास गरेको कारणले हो ?(६) अब्राहामलाई नै हेर, उनले परमेश्वरमा विश्वास गरेथे, र यो उनको निम्ति धार्मिकता गनिएको थियो । (७) यसकारण तिमीहरुले यो जान, कि जस जसले विश्वास गर्छन्, तिनीहरु नै अब्राहामका सन्तान हुन् । (८) परमेश्वरले अन्यजातिहरुलाई विश्वासद्धारा धर्मी ठहराउनुहुन्छ भन्ने धर्मशास्त्रले पहिलेदेखि नै देखेर अब्राहामलाई तँमा नै सबै जातिले आशिष पाउनेछन् भन्ने सुसमाचार अघिबाटै सुनायो । (९)यसकारण विश्वास गर्ने मानिसहरुले विश्वासी अब्राहामसँगै आशिष पाएका छन् । (१०) व्यवस्थाका कामहरुमाथि भर पर्ने सबै श्रापित छन्, किनकि धर्मशास्त्रमा यसो लेखिएको छ, व्यवस्थाको पुस्तकमा लेखिएका सबै कुरामा नरहने र ती पालन नगर्ने हरेक श्रापित हुन्छ । एन आई भि

बुदा #३ **रोमी ६:१२–१४** आफ्नो आशामा आनन्द गर, सङ्कष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो ।(१३)सन्तहरुको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख । (१४) तिमीहरुको खेदो गर्नेहरुलाई आशीर्वाद देओ, नसराप ।

रोमी १२:१..२ यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरुलाई अनुरोध गर्दछु, कि तिमीहरुको आत्मिक उपासनाको रुपमा आ आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रुपमा अर्पण गर ।(२) यस संसारको ढाँचामा नतल, तर आफ्नो मनमा नयाँ

भई पूर्ण रुपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्न सक ।

रोमी ८:७–८ किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो । परमेश्वरका व्यवस्थाको अधिनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुन सक्छ । पापमय स्वभावको वशमा हुनेहरुले परमेश्वरलाई प्रसन्न पार्न सक्दैनन् ।

१.शरीरका सबै कार्यहरुलाई मार

रोमी ८:१२–१४ यसैले त भाइ हो, पापमय स्वभावअनुसार जिउनलाई हामी पापमय स्वभावप्रति बाध्य छैनौ । किनकि पापमय स्वभावअनुसार जिउँछौ भने, तिमीहरु (पुरानो मानिस) मर्छौ (तिम्रो कूस बोकेर हिँड)तर यदि पवित्र आत्माद्धारा शरीरका कार्यहरु तिमीहरुले निर्मूल पा..यौँ (पापलाई हुँदैन भन्दै)भने, तिमीहरु जिउनेछौ (रोमी ६:४ जीवनको नयाँपनमा)। किनभने सबै, जो परमेश्वरको आत्माले डो..याइएका हुन्छन्, तिनीहरु नै परमेश्वरका सन्तान (परिपक्क, बालक होइन) हुन् ।

२. विजय तिम्रो हो !

रोमी १६:१९–२० तिमीहरुको आज्ञाकारिता सबै मानिसहरुमा जाहेरै छ, र तिमीहरुको कारण म आनन्द गर्दछु । तर म चाहन्छु कि जे असल छ त्यसको निम्ति तिमीहरु बुद्धिमान् होओ र जे खराब छ त्यसमा दोषरहित रहो ।

प्रश्न यो हो कि :

के तिमी त्यसलाई दबाई रहेका छौ कि त्यसले चाहिँ तिमीलाई दबाई रहेको छ ?

३. अशिष तिम्रो हो ! मत्ती ६:३३ प्रार्थना गर ! ६:१०

यो : फिलिप्पी २:१२ यसकारण मेरा प्रिय हो, जसरी तिमीहरुले सधैँ आज्ञापालन गरेका छौँ, मेरो उपस्थितिमा मात्र गरेजस्तो होइन, तर अब अझ बढी मेरो अनुपस्थितिमा डर र कम्पसाथ तिमीहरुको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर ।

यो निश्चित रुपमा नै अनन्तको मुक्ति **होइन** >**यो** दिनदिनैको मुक्ति हो>वा विजयको जीवन जिउँदै जाने हो >

शैतानको भयानक आक्रमण, पासो र जालबाट स्वतन्त्र भएको हो ।

यो **पवित्रकरणको** शिक्षा हो :

**२ तिमोथी २:१९–२२** तर परमेश्वरको दृढ जग खडै रहन्छ र त्यसमा यो छाप लागेको छ प्रभको आफ्ना जतिलाई चिन्नुहुन्छ र प्रभुको नाउँ लिने जति हरेक अधर्मबाट टाढै रहोस् । (२०) ठूलो घरमा सुन र चाँदीका भाँडाहरु मात्र हुँदैनन् तर काठ र माटोका पनि हुन्छन् कुनै आदर र कुनै अनादरका निम्ति । (२१) जे कुरो अनादरको छ, यदि कसैले त्यसबाट आफूलाई शुद्ध पा..यो भने त्यो आदरका कामको लागि एउटा मात्र बन्नेछ, र घरका मालिकको निम्ति चोखो, उपयोगी र कुनै पनि असल कामको निम्ति तयार रहनेछ । (२२) यसकारण जवानीका अभिलाषहरु त्याग र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरुका साथसाथै धार्मिकता, विश्वास, प्रेम र शान्तिको लक्ष्य राख । . . .

२६ पद र तिनीहरु चेतना पाएर दियाबलसको पासोबाट उम्कनेछन्, जसले तिनीहरुलाई त्यसको इच्छा अनुसार चल्नलाई कैदी बनाएको छ ।

याकूब १:२१–२५ “आशिषित हुनेछ”

यसैकारण सबै फोहोर कुरा र समस्त दुष्टतालाई हटाओ र तिमीहरुका हृदयमा रोपिराखेको वचन नम्रतापूर्वक धारण गर, जसले तिमीहरुका प्राणलाई उद्धार गर्न सक्छ । (२२) तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ । (२३) कनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ जसले आफ्नो अनुहार ऐनामा हेर्छ, (२४) किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ र त्यो आफै कस्तो थियो त्यो तुरुन्तै बिर्सिहाल्छ ।(२५) तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ त्यसले चाहिँ आफूले गरेको काममा आशिष पाउनेछ ।

## यो चाहिँ आशिषित र सफलताको जीवन हो !

## साँचो # ४ को परिचय

- सबै **सेवकहरुलाई/वचन बोल्ने वक्ताहरुलाई** हात उठाउँन भन्नुहोस् ।

यूहन्ना १५:१६ मलाई तिमीहरुले चुनेनौ, तर मैले तिमीहरुलाई चुने र तिमीहरुलाई नियुक्त गरें, कि तिमीहरु जाओ र फल फलाओ,(नियुक्त गरिएको, राखिएको) अनि तिमीहरुको फल रहिरहोस् । यसैले तिमीहरुले पितासँग मेरो नाउँमा जे मागौला उहाँले तिमीहरुलाई सो दिनुहुनेछ

- दुष्टहरुको **रौँ**हरु ठाडो भयो ।
- “दुष्टको कार्यलाई नष्ट गरि” बन्धनमा राखिएकाहरुहरुलाई छुट्कारा दिलाउँन उनीहरुलाई परमेश्वरको राज्यमा ल्याउँन तिमी प्रभुको **विशेष शक्तिशाली**, **गुप्त काममा खटाईएको सिपाही** हौ ।

**"परमेश्वरको राज्यको पहिले खोजी (इच्छा) गर . . . "** के ? कसरी ?

**राज्य चाहिँ :**

- राजनैतिक र क्षेत्रीय भुभाग जुन सार्वभौमद्धारा राज्य..शासन गरिएको हो । यसैले, हामीले परमेश्वरको राज्य भन्दा **परमेश्वरको** शासन भन्न सक्छौं ।

**हामीलाई यसरी प्रार्थना गर्नु भनि भनिएको छ :**

१. **"तपाईको राज्य आओस्"**–>> उहाँको शासनको लागि निमन्त्रणा र अनुरोध>उहाँको शासन आउँनका लागि ।

२. **"तपाईको इच्छा पुरा होस्**"भन्नु चाहिँ उहाँको शासनलाई मानिन्छ भनेर घोषणा गर्नु हो ।

कलस्सी १:९–११ यसैकारण हामीले त्यो सुनेको दिनदेखि उहाँको इच्छाको ज्ञानले सारा आत्मिक बुद्धि र समभमा तिमीहरु पूर्ण होओ भनेर बिन्ती गर्दै तिमीहरुका निम्ति प्रार्थना गर्न छोडेका छैनौ ।(१०) र उहाँलाई पूर्ण रुपले प्रसन्न पार्ने प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दैजान सक ।

३. "जस्तो स्वर्गमा छ त्यस्तै यस पृथ्वीमा पुरा होस् ।"

- यो धुलोको थुप्रोबाट सुरु हुन्छ जो म हुँ ..

उत्पत्ती २:७ तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो ।

- पहिलो स्थान राज्य..शासन आउनु पर्छ र त्यसलाई मानिनु पर्छ./मेरो लागि !

शासन गर्नका लागि सिद्धान्त–>परमेश्वरको राज्यमा शासन गर्ने कानुन भनेको चाहिँ **प्रेम** हो ।

साँचो ..४ : प्रेम –> परमेश्वरको राज्यमा शासन गर्ने नीति

रोमी १३:१० प्रेमले छिमेकीको खराबी गर्दैन । यसकारण प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो ।

१ कोरिन्थी १६:१४ तिमीले गर्ने सबै कार्य प्रेममा गर्ने गर ।

यूहन्ना ३:१६ परमेश्वरले संसारलाई यस्तो (१) प्रेम गर्नुभयो कि उहाँले आफ्नो (२) एकमात्र पुत्र दिनुभयो ताकि उहाँ माथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त (३) जीवन पाओस् ।

प्रेमले –> जीवनमा –>परिणामहरु दिन्छ

१. हाम्रो पिताले गर्नुहुने सबै कार्य प्रेममा सुरु हुन्छ ।

प्रेम कारण /**प्रेरणा** हो

→ प्रेरणा >चलाउँने>शक्ति>चलाउँने शक्ति>कार्यमा ल्याऊँ

→ तिमीलाई के ले प्रेरणा दिन्छ ? तिम्रा इच्छाहरु के के हुन् ? तिमीले केलाई प्रेम गर्छौ ?

→ तिमीलाई के ले खुशी बनाउँछ ?

→ हामीहरु **प्रेमलाई काम बासना**सँग झुक्कीन्छौ ! ठूलो भेद छ ।

**काम बासना आफैलाई** चलाउँने उर्जा हो
**प्रेम** चाहिँ **अरुलाई** चलाउँने उर्जा हो । गलाती ५:२४

**परमेश्वर प्रेम हुनुहुन्छ : (१ यूहन्ना ४:८)**

१ यूहन्ना ४:१६ यसरी **हामीप्रति भएको परमेश्वरको प्रेम** हामी जान्दछौं र विश्वास गर्छौं । परमेश्वर प्रेम हुनुहुन्छ र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ र परमेश्वर त्यसमा रहनुहुन्छ । राजा र उहाँको राज्य आएको छ ।

**ईसाही धर्म प्रेम हो –>परमेवरसँग र मानिसहरुसँगको सम्बन्ध हो ।**

येशूले भन्नुभयो : तैले परमप्रभु आफ्नो परमेश्वरलाई आफ्नो सारा हृदयले र आफ्नो सारा प्राणले र आफ्नो सारा समझले प्रेम गर्नू । दोस्रो चाहीं यो हो, तैलें आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर । यो भन्दा ठूलो आज्ञा अर्को छैन । मत्ती २२:३७ मर्कूस १२:३०

यो नै इसाईत्व हो । यो धर्म होइन तर सम्बन्ध हो ।

इसाईत्व भनेको हृदयको कुरा हो, टाउकोको कुरा होइन ।
१ शमूएल १६:७ . . . तर परमप्रभुले शमूएललाई भन्नुभयो, त्यो सुन्दर र अल्गो भए तापनि त्यसको ख्याल नथर । मैले त्यसलाई इन्कर गरेको छु । परमप्रभुले मानिसले झैं हेर्नुहुन्न । मानिसले रुप हेरेर विचार गर्छ, तर परमप्रभुले हृदयभित्र हेरेर विचार गर्नुहुन्छ ।

रोमी १०:९–११ किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार ग..यौ र परमेश्वरले उहाँलाई मरेकाहरुबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास ग..यौ भने तिम्रो उद्धार हुनेछ ।

किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ। धर्मशास्त्र भन्छ, उहाँमाथि भरोसा राख्ने कोही लाजमा पर्नेछैन।

**प्रभु तिम्रो प्रेरणाबारे वास्ता राख्नुहुन्छ**>>तिमी **किन** गर्छौं तिमी के गर्छौं ? के तिमी धर्मद्वारा वा सम्बन्धद्धारा अभिप्ररित छौ ?

१ कोरिन्थी ४:५ यसकारण तोकिएको समयभन्दा अघि न्याय नगर, प्रभु आउञ्जेल पर्ख। उहाँले अँध्यारोमा लुकेका कुराहरुलाई प्रकाशमा ल्याउनुहुनेछ र मानिसका हृदयका अभिप्रायहरु प्रकट गरिदिनुहुनेछ। तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसार पाउनेछ।

तिमीले **के** गर्छौं भन्ने कुरा तिमीले **किन** गर्छौं तिमीले के गर्छौं भन्दा एकदमै महत्वपूर्ण छ !

**१ कोरिन्थी १३:१–८**

- मैले मानिसहरु र स्वर्गदूतहरुको भाषामा बोले तापनि ममा प्रेम छैन भने म हल्ला मचाउने घण्टा र झ्याइँ झ्याइँ गर्ने झ्याली मात्र हुन्छु।
- मसँग अगमवाणी बोल्ने शक्ति होला र सबै रहस्य र सबै ज्ञानहरु बुझ्ने शक्ति होला र सबै रहस्य र सबै ज्ञानहरु बुझ्न सकूँला र पहाडहरु हटाउन सक्नेसम्मको सम्पूर्ण विश्वास मसित होला, तर ममा प्रेमचाहिँ छैन भने म केही पनि होइनँ।
- यदि मैले सारा सम्पत्ति बाँडिदिएँ र मेरो शरीर जलाउनलाई दिइहालें तर मसित प्रेम छैन भने मलाई केही लाभ हुँदैन।
- प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाह गर्दैन न शेखी गर्छ। प्रेम हठी हुँदैन, न ढीट हुन्छ। प्रेमले आफ्नो कुरामा जिद्दी गर्नैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन। प्रेम खराबीमा प्रसन्न हुँदैन, तर ठीक कुरामा रमाउँछ। प्रेमले सबै कुरा सहन्छ सबै कुराको पत्यार गर्छ सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ। प्रेमको कहिल्यै अन्त्य हुँदैन। अगमवाणीहरु बितेर जानेछन्, भाषाहरु बन्द हुनेछन्, ज्ञान टलिजानेछ।
- पद १३ अब विश्वास, आशा, प्रेम, यी तीन रहन्छन्, तर यिनमा सर्नोत्तमचाहिँ प्रेम नै हो।
- पद १४ **प्रेमलाई प्राप्त गर**

हाम्रो प्रेरण हुनका लागि –प्रेमले हामीलाई समातेर राख्नुपर्छ र हामीलाई नियन्त्रण गर्नुपर्छ। कसरी ? यसरी नै पावललाई नियन्त्रण गरिएको थियो।

**२ कोरिन्थी ५: १४–१५** खीष्टको प्रेमले हामीलाई **बाध्य** गराउँछ (एन आई भी)(हामीलाई **नियन्त्र** गर्छ (एन ए एस्)किनभने हामीलाई यो निश्चय छ कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मेर।

उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरु अब उसो आफ्नै बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून् जो **उहाँको निम्ति** बाँचून् । जो तिनीहरुका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो ।

प्रमेले हामीलाई नियन्त्रण गर्नुपर्छ/विवश गर्नुपर्छ/हामीलाई समातेर राख्नुपर्छ कब्जा गर्नुपर्छ
हामीलाई अभिप्रेरित गर्छ ! १ यूहन्ना ४:१९ हामी प्रेम गर्दछौं, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो ।

यति हदसम्म कि तिमीले त्यो क्रूसलाई बुझ्न सक>>>>

>>>तिमीले प्रेमलाई बुझ्नेछौ

यो प्रेमले–>तिमीलाई प्रेरणा दिन्छ र तिमीलाई उदेश्य दिन्छ

२. उहाँको प्रेमको **उदेश्य** भनेको : परमेश्वरले **संसारलाई** यस्तो प्रेम गर्नुभयो

किन ? उहाँको खजाना संसारमा थियो

मत्ती १३:४४ **मानिसहरु !**

मत्ती ६:१९–२१ आफ्नो निम्ति पृथ्वीमा धन सम्पत्ति नथुपार, जहाँ किरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरुले घर फोरेर ती चोर्छन् । तर आफ्नो निम्ति स्वर्गमा धन सम्पत्ति थुपार जहाँ किराले वा खियाले नष्ट पार्दैन र चोरले पनि चोर्दैन । किनकि जहाँ तिम्रो धन हुन्छ त्यहीँ तिम्रो मन पनि हुन्छ ।
एन के जे भि

येशू तिम्रो हृदय वास्ता राख्नुहुन्छ = तिम्रो प्रेरणा (काम बासना वा प्रेम)

३.प्रेमको कार्य : **उहाँले दिनुभयो . .**

- →हामीले के दिन्छौं त्यसद्धारा प्रेमलाई नापिन्छ !
- →परमेश्वर पिताले आफ्नो पुत्र दिनुभयो !
- →येशूले सबै थोक दिनुभयो ! उहाँका सिंहासन–दर्जा..महिम– सेवा लिनेबाट सेवा दिनेमा– स्वर्गबाट पापमय संसारमा ज्यून–उहाँ जो पवित्र हुनुहुन्छ पाप बन्नुभयो–उहाँ जो जीवन हुनुहुन्थ्यो. . . मर्नुभयो

यूहन्ना १५:१३ आफ्ना मित्रहरुका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरु कसैको हुँदैन ।

प्रेम–>बलिदान हो !

- मानिसहरुका लागि **प्रेमद्धारा प्रेरित** भएर येशूले एउटा **उदेश्य** पाउँनुभयो

- उहाँको जीवन प्रेमद्धारा **संचालित** जीवन थियो । एक उदेश्य भएको जीवन
- उहाँको जीवन मानिसहरुको मुल्यको **प्रदर्शन र घोषणाको** जीवन थियो ।

तसर्थ :

**लूका २ :४९** उहाँले तिनीहरुलाई भन्नुभयो, तपाईहरुले मलाई किन खोज्नुभएको ? के म आफ्ना पिताको घरमा हुनुपर्छ भन्ने तपाईहरुलाई थाहा थिएन ? एन के जे

**लूका ४:४३** तर उहाँले तिनीहरुलाई भन्नुभयो, मैले परमेश्वरका राज्यको सुसमाचार अरु सहरहरुमा पनि सुनाउनैपर्छ, किनकि म यसैको निम्ति पठाइएको हुँ ।

**यूहन्ना ४:४** उहाँलाई सामरिया भएर जानुपर्थ्यो ।

**यूहन्ना १०:१६** मेरा अरु भेडा छन्, जो यस गोठका होइनन् । तिनीहरुलाई पनि मैले ल्याउनुपरेको छ र तिनीहरुले मेरो सोर सुन्नेछन् र तिनीहरु एउटै बगाल हुनेछन् र एउटै गोठालो हुनेछ ।

**मत्ती १६:२१** उहाँ कसरी यरुशलेममा जानुपर्छ र धर्म गुरु र मुख्य पूजाहारीहरु र शास्त्रीहरुबाट धेरै कष्ट भोग्नुपर्छ, मारिनुपर्छ र तेस्रो दिनमा जीवित भइउठ्नुपर्छ भनी उहाँले त्यस बेलादेखि आफ्ना चेलाहरुलाई बताउन थाल्नुभयो ।

- येशूलाई क्रूसमा झुन्डाई राखेको **काँटिले** होइन (मत्ती २६:५३)

→ मानिस प्रति उहाँको प्रेम थियो

४. **परिणाम :** नष्ट नहोस्, तर त्यसले **अनन्त जीवन** पाओस् ।

जे **प्रेम**द्धारा सुरु हुन्छ . . . **जीवन**मा अन्त्य हुन्छ !

"प्रेम कहिले पनि असफल हुँदैन"

उदाहरण :

**लूका १९:१–१० पाद ५** जब येशू त्यस ठाउँमा आइपुग्नुभयो, तब उहाँले मास्तिर हेरेर तिनलाई भन्नुभयो, ए जखायस, चाँडो ओर्लेर आऊ, किनभने आज मलाई तिम्रो घरमा बस्नुपरेको छ । तिनी झट्टै ओर्लेर आए । अनि खुशीनाथ उहाँको सत्कार गरे । जब मानिसहरुले यो देखे, तिनीहरु सबै यसो भनेर गनगनाउन लागे, उनी पापीको घरमा पाहुना लाग्न गए ।

त्यस दिन **प्रेम** जखायसको घरमा प्रवेश गर्यो

र उनको जीवनलाई परिवर्तन गर्यो ।

जखायसले खडा भएर प्रभुलाई भने, प्रभु हेर्नुहोस्, म आफ्ना सम्पत्तिको आधा भाग गरीबहरुलाई दिन्छु र कोहीबाट अन्यायपूर्वक केही लिएको छु भने म त्यसको चार गुणा फिर्ता गरिदिनेछु । तब येशूले तिनलाई भन्नुभयो, आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन् । किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो । एन ऐ एस् यु

के तिमीलाई याद छ कहिले . . .

येशू तिम्रो घर भित्र आउनुभयो –जहाँ तिमी बस्छौ–र **प्रेमले** तिम्रो जीवनलाई सधैँको लागि परिवर्तन गरिदियो ?

>>>किनभने उहाँले हामीलाई प्रेम गर्नुहुन्छ !< < <

उदाहरण :

**लूका १०:२५–३७** व्यवस्थाका एक जना पण्डित उहाँको परीक्षा गर्न खडा भए, र यो प्रश्न गरे, गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ ? उहाँले तिनलाई भन्नुभयो, व्यवस्थामा के लेखिएको छ ? तिमीले के पढ्यौ ? तिनले भने, तैले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर, र आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर । उहाँले तिनलाई भन्नुभयो, तिमीले ठीक जवाफ दियौ , त्यसै गर, र तिमी जिउनेछौ । तर तिनले आफूलाई धार्मिक देखाउने इच्छा गरेर येशूलाई भने, मेरो छिमेकीचाहिँ को हो त ?

येशूको उत्तरले उनलाई यो देखाई दियो कि उनले प्रभुलाई र उनको छिमेकीलाई साँचो प्रेम गरेको थिएन ।

येशूले जवाफ दिनुभयो, एक जाना मानिस यरुशलेमबाट यरीहोतिर जाँदैथियो । त्यो डाँकूहरुको फेला प..यो । त्यो डाँकूहरुको फेला प..यो । तिनीहरुले त्यसलाई नाङ्गै पारेर पिटे, र अधमरो पारी छोडेर गए । संयोगले एक जना पूजाहारी त्यही बाटो भएर जाँदैथियो र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपटिट् तर्केर गयो । त्यसै गरी एक जना लेवी पनि त्यस ठाउँमा आएर त्यसलाई देखेपछि अर्कोपटिट् तर्केर गयो । तर एक जना सामरी उसको यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाउँमा आइपुग्यो र त्यसलाई देखेर उसको मन दयाले भरियो । र त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरुमा पट्टी बाँधिदियो र आफ्नै गधामाथि चढाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाह ग..यो । भोलिपल्ट उसले चाँदीका दुई सिक्का पौवाको मालिकलाई दिएर भन्यो, यिनको हेरचाह गर, र अरु बढी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु । येशूले सोध्नुभयो। तिम्रो विचारमा

यी तीन जनामध्ये डाँकूहरुका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो ? तिनले भने, त्यस मानिसमाथि दया देखाउनेचाहिँ । तब येशूले तिनलाई भन्नुभयो, जाऊ तिमी पनि त्यसै गर ।

**चोर –>** पाप र शैतान : **प्रेरणा** ???

प्रभुलाई घृणा गर्छ र मानिसलाई मार्छ, लूटछ र नास गर्छ ।
*"जे मेरो हो त्यो मेरो हो र म लिनेछु "*

**पूजाहारी र लेवी–>** धर्म गुरु : **प्रेरणा** ???

उनीहरुले परमेश्वरलाई प्रेम गर्छ भन्छ>तर अर्को पटिट् फर्केर गयो

उनीहरु आफ्नो धर्मलाई प्रेम गर्छन्> मानिसहरु मूल्यको छैनन् !
*"जे मेरो हो त्यो मेरो हो र म लिनेछु "*

**धार्मिक मानिसहरु :** (माथि जस्तै) अर्को पटिट् फर्केर गयो

**१ यूहन्ना ४:२०–२१** यदि कसैले म परमेश्वरलाई प्रेम गर्छु भन्छ तर आफ्नो भाइलाई घृणा गर्छ भने त्यो झूटो हो, किनकि आफूले देखेको आफ्नो भाइलाई नै प्रेम नगर्नेले नदेखेको परमेश्वरलाई प्रेम गर्न सक्दैन । हामीले उहाँबाट यो आज्ञा पाएका छौं, कि जसले परमेश्वरलाई प्रेम गर्छ, त्यसले आफ्नो भाइलाई पनि प्रेम गर्नुपर्छ ।

**सामरी** – ती जसले साँचो रुपमा प्रभुलाई प्रेम गर्छन् र चिन्छन् :

- ती मानिसहरु पृथ्वीका सबै भन्दा बहुमूल्य सम्पत्तिहरु हुन् ।
- मानिसहरुलाई आफ्नो समय/पैँसा/ व्यापार भन्दा बढी प्रेम गर्छन् ।
- खाचोमा परेका मानिसहरुबाट आफ्नो मुन्टो बटारेर जान सक्दैनन् ।
- *"जे मेरो हो त्यो तिम्रो हो र यदि तिमीलाई चाहिन्छ भने म तिमीलाई दिनेछु !"*
  जे प्रेममा सुरु हुन्छ . . . जीवनमा अन्त्य हुन्छ !

भिक्टर हुगोले एउटा महान् उपन्यास लेखेका छन् जसको शिर्षक हो : कम दयनिय ।

यो एक जवान फ्रेन्च मानिसको कथा हो जसको नाम जीन भ्याल्जीन हो र जसलाई रोटी चोरेको आरोपमा उन्नाई्‌ वर्षसम्म कडा काम गर्नका लागि सजाए दिईएको थियो ।

जीन भ्याल्जीन बिस्तारै कडा अपराधी बन्दै गयो । कसैले पनि उसलाई मुड्‌कीको लडाईमा हराउँन सक्दैन थियो । कसैले पनि उनको इच्छालाई तोड्‌न सक्दैन थियो । अन्त्यम भ्याल्जीनलाई छोडीदियो । त्यति बेला अपराधीहरुले एउटा परिचय पत्र बोक्नु पऱ्यो, तैपनि, र कहो पनि होटेलको मालिकहरुले खतरनाक अपराधीहरुलाई त्यहाँ रात बिताउँन दिँदैन थियो ।

चार दिनसम्म उनी सडकमा नै भौतारिदै रहयो, बासको खोजीमा मौसमबाट बच्नको लागि, अन्त्यमा एउटा दयालु पास्टर उनी प्रति दया देखाए । त्यस राती भ्याल्जीनले मिठो खाना खाए पछि र पास्टरको घरमा गए पछि, भ्याल्जीन आरामदायक खाटमा पल्टे । तर उनी पास्टर नसुतेसम्म जागा नै रहे ।

उनी आफ्नो खाटबाट उठे, दराज खोलेर त्यस परिवारको सबै चाँदीहरु लिएर अध्यारोमा नै त्यहाँबाट भागे । भोली पल्ट विहान तीन जाना पुलिसहरुले त्यस पास्टरको ढोका ढक्ढकाए र भ्याल्जीन पनि उनीहरुसँग थियो तर उसको हातमा हतकडी लगाईएको थियो । उनीहरुले त्यस अपराधीलाई उडानमा चाँदीहरु सहित पक्रेका थिए र त्यसलाई जीवनभरको लागि कैदमा राख्न लागेका थिए ।

जब पास्टरले ढोका खोले र आफ्नो अगाडी के रहेछ भनी देखे, उनले यसरी प्रतिकृय दिए कि कसैले पनि यहाँसम्म कि विशेषगरि जीन भ्याल्जीनले पनि कल्पना नै नगरको प्रतिकृया दिए ।

उनले भ्याल्जीनलाई भने, **"म तिमीलाई देख्न पाउँदा एकदमै खुशी छु"** । मैले तिमीलाई दिएको मैनबत्ती अडाउँनेहरु तिमीले लान बिर्सेछौ । ती पनि अरु जस्तै चाँदी नै हुन्‌ र त्यसको मूल्य २०० फ्रियान्स हो । भ्याल्जीनको आँखा ठोलो ठोलो भयो । उनी अब त्यस बृद्ध मानिसलाई यस्तो तरीकाले हेरि रहेका थियो जुन कुनै पनि शव्दले व्याख्य गर्न सक्दैन थियो ।

त्यस पास्टरले पुलिसहरुलाई यो विश्वास दिलाउँनुभयो कि भ्याल्जीन चोर होइन र ती चाँदीहरु उनले त्यस मानिसलाई उपहार स्वरुप दिएका थिए । जब पुलिसहरु गए, तब त्यस पास्टरले ती मैनबत्ती अडाउँनेहरु उनको पाहुनालाई दिए जो अब शव्दविहिन भएको थियो र कामेको थियो । त्यस पास्टरले भन्यो, *"नभुल्नु, कहिले पनि नभुल्नु, कि तिमीले मलाई प्रतिज्ञा गरेका छौ कि तिमीले यो पैँसा एक असल व्यक्ति बन्नलाई प्रयोग गर्नेछौ ।"*

त्यस पास्टरको शक्तिशाली व्यवहारद्धारा, मानिसहरुको बदला, पैसा प्रतिको मोहको अवहेलाना भयो र यसले गर्दा जीन भ्याल्जीनको जीवन सधैंको लागि परिवर्तन भयो । उनको ढुङ्गाको हृदय पग्लियो र उनले आफ्नो जीवन अरुलाई सहायता गर्नका लागि सुम्पिदियो ।

## जे प्रेममा सुरु हुन्छ . . . जीवनमा अन्त्य हुन्छ !

लूका ६:२७–३६ तर तिमी सुन्नेहरुलाई पम भन्दछु, आफ्ना शत्रुलाई प्रेम गर, र घृणा गर्नेहरुलाई भलाई गर, सराप्नेहरुलाई आशीर्वाद देओ, दुर्व्यवहार गर्नेहरुका निम्ति प्रार्थना गर । तिमीलाई एक गालामा चड्काउनेलाई अर्को पनि थापिदेओ,र तिम्रो खास्टो खोस्नेलाई तिम्रो दौरा पनि लान दिओ । तिमीसित माग्ने हरेकलाई देओ, र तिम्रो चीचबीज लानेसँग फेरि नमाग । जसो मानिसहरुले तिमीहरुसँग गरुन् भन्ने तिमीहरु इच्छा गर्दछौ, तिमीहरुले पनि तिनीहरुसँग त्यसै गर । तिमीहरुलाई प्रेम गर्नेहरुसँग प्रेम गर्दछौ भने, तिमीहरुलाई के लाभ भयो ? किनकि पापीहरुले पनि आफूलाई प्रेम गर्नेहरुसँग प्रेम गर्दछन् । तिमीहरुको भलाई गर्नेहरुलाई भलाई गर्दछौ भने, तिमीहरुलाई के लाभ भयो र ? किनकि पापीहरुले पनि त्यसै गर्दछन् । यदि फिर्ता पाउने आशा राखेर कसैलाई ऋण दिन्छौ भने, तिमीलाई के लाभ भयो र ? किनकि फेरि उत्ति नै पाउने आशा राखेर पापीहरले पापीहरुलाई ऋण दिन्छन् । तर आफ्ना शत्रुहरुलाई प्रेम गर, र तिनीहरुको भलाई गर । फेरि पाउने आशा नराखी ऋण देओ, र तिमीहरुको इनाम ठूलो हुनेछ, अनि तिमी सर्वोच्चका सन्तान ठहरिनेछौ, किनकि उहाँ बैगुनी र स्वार्थीमाथि कृपालु हुनुहुन्छ । तिमीहरुका पिता कृपालु हुनुभएझैं, तिमीहरु पनि कृपालु होओ ।

मत्ती ५:४५ र तिमीहरु स्वर्गमा हुनुहने आफ्ना पिताका छोराहरु हुनेछौ । उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ ।

१ कोरिन्थी १३:१३ अब विश्वास, आशा, प्रेम, यी तीन रहन्छन्, तर यिनमा सर्वोत्ताचाहिँ प्रेम नै हो ।

### यो नै परमेश्वरको राज्य हो !

→प्रेम चाहि साँचो हो ।

→यसले तिमीले कल्पना नै नगरेका जीवनमा पु..याउँने ढोकाहरु खोलिदिनेछन् !

→प्रेम पृथ्वीमा सबै भन्दा शक्तिशाली बल हो किनभने. . . .

**"परमेश्वर प्रेम हुनुहुन्छ ।"**

एफिसी ३?१४–१९ तिम्रो लागि पावलको प्रार्थना :

यसैकारण म पिताको सामने आफ्ना घुँडा टेक्तछु, जसद्धारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ । म प्रार्थना गर्छु, कि उहाका महिमाको सम्पत्ति अनुसारको शक्तिलृ उहाँका आत्माद्धारा भित्री मनुष्यत्वमा तिमीहरुलाई शक्तिशाली पारुन्, र विश्वासद्धारा (१)खीष्ट तिमीहरुका

हृदयमा वास गरुन् र (२) **प्रेममा** जरा गाडिएका र दह्रिला भएर, सबै सन्तहरुसँग चौडाइ, लामाई, र उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, र ज्ञानलाई माथ गर्ने **ख्रीष्टको प्रेमलाई** थाहा पाउन सक, (३) ताकि **परमेश्वरको** सारा पूर्णताले तिमीहरु भरिपूर्ण होओ ।

धेरै पवित्र आत्मा>धेर येशू> धेर प्रेम> जति धेर प्रेम>त्यति नै धेर "पवित्र आत्माको भरिपूर्णता ।"

- तिमी केको खोजी गर्दैछौ ?? तिमी केको इच्छा गर्छौ ??
- केले तिम्रो जीवनलाई शासन गर्छ ??
- तिमी परमेश्वरको राज्यमा कहाँसम्म पुगेका छौ ?
- तिमी कति टाडा जान चहान्छौ ?
- तिमीले आफ्नो सिमा कहाँ कोरेका छौ ?
- अब के तिमी प्रभुसँग करार बाध्नेछौ :

१. पहिले मेरो जीवनमा **"तपाईको राज्य आओस्, तपाईको इच्छा पुरा होस्** "भनेर गम्भिर भई प्रार्थना गर्न ।

२. पवित्र आत्माको खोजी गर्न र उहाँको उत्कट चहाना गर्न >धेरै येशूका> धेरै प्रेमको >ताकि तिमी परमेश्वरको पूर्णताले धेरै भरिउन् ।

## साँचो #५ सुसमाचार प्रचार गर्दै

२ कोरिन्थी ५: १७–२१

पद १८ **हामीलाई मिलापको सेवा दिनुभयो,**

घनिष्ट सम्बन्ध पूर्ण कायम गर्न, पूर्ण निर्माण गर्न

पद १९ **मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ**

–>यो चाहिँ प्रचार हो !

पद २० **राजदूतहरु** : प्रतिनिधित्व (**लाक्षणिक अर्थमा, वचन बोल्ने वक्ता** सबै फेरि–जन्मिएका विश्वासीहरु वक्ताहरु हुन्/सेवक)

- तिमी जुनै सकै मण्डलीमा जाऊ र सोध "को चाहिँ वचन बोल्ने वक्ता हो ?" कसले आफ्नो हात उठाउँछ ?

पहिलो व्यक्ति को हो जसलाई सुसाचार दिईनु परेको थियो ?

पहिलो व्यक्ति को हो जसलाई आशिष र जीवनका साँचाहरु दिइनुपरको थियो–संसारका मानिसहरुमा लानका लागि ?

उत्तर : गलाती ३:८ परमेश्वरले अन्यजातिहरुलाई विश्वासद्धारा धर्मी ठहराउनुहुन्छ भन्ने धर्मशास्त्रले पहिलेदेखि नै देखेर अब्राहामलाई तँमा नै सबै जातिले आशिष पाउनेछन् भन्ने सुसमाचार अघिबाटै सुनायो ।

उत्पत्ति १२:१–३ परमप्रभुले अब्रामलाई भन्नुभयो, तेरो देश र तेरा कुटुम्ब तथा तेरा पिताका घरबाट निस्केर जुन देश म तँलाई देखाउँछु (मिसनको लागि बोलावट)त्यहाँ जा । म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु, र तँलाई आशिष दिनेछु । म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिषको मूल हुनेछन् । तँलाई आशिष दिनेहरुलाई म आशिष दिनेछु र तँलाई सराप दिनेहरुलाई सराप दिनेछु । तँद्धारा नै पृथ्वीका सबै कुलले आशिष पाउनेछन् ।

- पृथ्वीमा भएका सबै परिवारहरुका लागि आशिष बन्नका लागि आशिसीत भएको
- जसै तिमी यस मिसनका लागि आफैलाई सुम्पन्छौ तिमी आशिसीत हुनेछौ

अब्राहाम र अब्राहामका परिवार–>इस्राएल<–परमेश्वरको हुनुहुन्छ भन्ने ज्ञानद्धारा आशिसीत थिए :

(१) मुक्तिदाता – मिश्रबाट थुमाको रगतद्धारा

(२) प्रदानकर्ता – उजाडस्थानमा

(२) कसरी उहाँको आराधना र सेवा गर्ने –बेदी

(४) र यस सुसमाचारलाई पृथ्वीमा भएका सबै परिवारहरुमा लैजानै जिम्मेवारी ।

तैपनि समय बित्दै गए पछि उनीहरुले यो भन्न थाले :

"हामी परमेश्वरद्धारा चुनिएकाहरु हौं> परमेश्वले हामीलाई प्रेम गर्नुहुन्छ, ती अन्यजाति कुकुरहरुलाई होइन ।".

अब्राहामलाई (इस्राएल) ती साँचाहरु दिएको २,००० वर्षहरु पछि, येशू आउँनुभयो र उहाँ ती इस्राएलीहरुसँग रिसाउँनुभयो :

मत्ती २१:३३–३४ अर्को दृष्टान्त सुन । कोही एक जना गृहस्थी थिए, जसले एउटा दाखबारी लगाए र त्यसको वरिवरि बार लगाएर त्यहाँ दाख पेल्ने एउटा कोल राखे, र एउटा मचान बनाए । तब मोहीहरुलाई त्यसको ठेक्का दिई उनी परदेश लागे । जब फलको समय नजिक आयो, उनले मोहीहरुकहाँ फलको आफ्नो हिस्सा माग्न नोकरहरु पठाए (अगमवक्ताहरु) । तर मोहीहरुले उनका नोकरहरुलाई समाती एउटालाई पिटे, अर्कालाई मारे, र अर्कालाई ढुङ्गाले हाने । फेरि उनले अघिको भन्दा बढी नोकरहरु पठाए र तिनीहरुले यिनीहरुसँग पनि त्यस्तै व्यवहार गरे । मेरो छोरालाई त तिनीहरुले आदर गर्लान् भन्ने सोचेर, अन्त्यमा उनले आफ्नो छोरालाई **(येशू)**तिनीहरुकहाँ पठाए । तर मोहीहरुले छोरालाई देखेर आपसमा भने, यो त उत्तरधिकारी हो । आओ, त्यसलाई मारौं, र त्यसको उत्तरधिकार हात पारौं । तब तिनीहरुले तिनलाई समातेर दाखबारी बाहिर लगे र तिनलाई मारे । यसकारण जब दाखबारीका मालिक आउँछन्, तब उनले ती मोहीहरुलाई के गर्लान् ?के तिमीहरुले कहिल्यै धर्मशास्त्रमा पढेनौ ? जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरुले रद्द गरे त्यहीचाहिँ कुनाको शिर ढुङ्गो बन्यो, यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दुष्टिमा यो आश्चर्यमय छ । यसैकारण म तिमीहरुलाई भन्दछु। परमेश्वरको राज्य तिमीहरुबाट खोसिनेछ र एउटा यस्तो जातिलाई दिइनेछ जसले त्यसको फल फलाउँछ ।

–>–>उहाँको मण्डली, तिमी र म ।

मत्ती २३:३७ ए यरुशलेम, ए यरुशलेम, तँ जसले अगमवक्ताहरुलाई मार्ने र तँकहाँ पठाइएकाहरुलाई ढुङ्गाले हान्ने जसरी कुखुरीले आफ्ना चल्लाहरुलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरुलाई बटुल्ने इच्छा गरें, तर तैले मानिनस् ।

येशूले यो सेवकाईलाई लिनुभयो –>सुसमाचार प्रचार गर्ने सुसमाचार, इस्राएलबाट लिनुभएर त्यो सेवकाई उहाँले मण्डलीलाई दिनुभयो ! तिमी र मलाई !

हामीलाई हाम्रो काम दिनुभयो :

यूहन्ना ९:४ मलाई पठाउनुहुनेका कामहरु हामीले दिन छँदै गर्नुपर्छ । रात आउँछ, जब कसैले काम गर्न सक्दैन ।

यूहन्ना २०:२१ जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी **म पनि तिमीहरुलाई पठाउँदछु ।**

कसरी पिताले येशूलाई पठाउँनुभयो ? अभिषेक गरिएको र पवित्र आत्माले भरिएको

येशूले भन्नुभयो : परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरुलाई (१) सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ । (३) कैदीहरुलाई छुटकाराको घोषणा गर्न र (४) अन्धाहरुलाई दृष्टि दिन, (५) थिचोमिचोमा परेकाहरुलाई स्वतन्त्र गराउनका निम्ति, र (६) परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ । लूका ४:१८–१९

- ❖ यो नै पवित्र आत्माको बप्तिस्मको उदेश्य हो ! ! !
- ❖ यदि येशूलाई चाहिएको भए **परमेश्वरको आत्मा उहाँमा नै हुनुहुन्छ./अभिषेक–> कति धेरै तिमी र मलाई** ???

लुका ४:४३ तर उहाँले तिनीहरुलाई भन्नुभयो, मैले परमेश्वरका राज्यको सुसमाचार अरु सहरहरुमा पनि सुनाउनैपर्छ, किनकि म यसैको निम्ति पठाइएको हुँ ।

मत्ती ९:३५..३८ येशूले समस्त सहरहरु र गाउँहरुतिर तिनीहरुका सभाघरहरुमा **शिक्षा** दिँदै राज्यको सुसमाचार **प्रचार** गर्दै र हरेक किसिमका रोग र दुर्बलताहरु निको पार्दै हिँड्नुभयो । तर भीडहरुलाई देखेर उहाँको हृदय तिनीहरुका निम्ति दयाले भरियो । किनभने तिनीहरु गोठालाविनाका भेडाहरुजस्तै हैरान र असहाय भएका थिए । तब उहाँले आफ्ना चेलाहरुलाई भन्नुभयो फसल प्रशस्त छ, तर खेतालाहरु थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर र उहाँले आफ्नो फसलमा खेतलाहरु पठाएदेऊन् ।

- तिमी यस प्रार्थनको उत्तर हौ !

येशू एक मानिस हुनुहुन्थ्यो । उहाँलाई सहयोग चाहिएको थियो, यसैले . . .

मत्ती १०:१ उहाँले आफ्ना बाह्र चेलाहरुलाई बोलाएर अशुद्ध आत्माहरु निकाल्ने र हरप्रकारका रोग र दुर्बलता निको पार्ने अधिकार तिनीहरुलाई दिनुभयो ।

- येशू, राजाहरुका राजा र प्रभुहरुका प्रभुले (१ तिमोथी ६:१५... प्रकाश १७:१४) स्वर्ग राज्यको अधिकार उहाँका चेलाहरुलाई दिनुभयो ताकि :

मत्ती १०:७.–९ स्वर्गको राज्य नजिकै आइपुगेको छ, भन्दै प्रचार गर । बिरामीहरुलाई निको पार, मरेकाहरुलाई जीवित पार, कुष्ठरोगीहरुलाई शुद्ध पार, भूतरुलाई निकाल । तिमीहले सितैमा पायौ, सितैमा देओ । तिमीहरु आफ्ना पटुकामा सुन, चाँदी र तामाको सिक्का नबोक,

- ❖ **माथिका सबै थोकले परमेश्वरको राज्यको प्रदर्शन गर्दछ**

१ कोरिन्थी २:४–५ पावलको गवाई : मेरो उपदेश र सन्देश घतलाग्दो र बुद्धिपूर्ण शव्दमा थिएन, तर पवित्र आत्माको र शक्तिको प्रदर्शनमा थियो, ताकि तिमीहरुको विश्वास मानिसको बुद्धिमा होइन तर परमेश्वरको शक्तिमा आधारित होस् ।

येशूले भन्नुभयो कि त्यही अधिकार, शक्ति र प्रकटीकरण हाम्रो सेवकाईमा पनि हुनुपर्छ !

यूहन्ना १४:१२ साँच्चै, म तिमीहरुलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, **त्यसले मैले गरेका काम पनि गर्नेछ,** र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु ।

- ❖ विश्वास गर, स्वीकार गर, जसै तिमी परमेश्वरको सुसमाचार प्रचार गर्दछौ परमेश्वरको शक्तिलाई प्रकट गर्नका लागि अवसर हेर ।

लूका २४: ४९ हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरकहाँ पठाउँछु तर माथिबाट शक्ति प्राप्त नगरुञजेल तिमीहरु  यही सहरमा बसिरहो ।

प्रेरित १:८ तर पवित्र आत्मा तिमीहरुमा आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरु यरुशलेममा, सारा यहुदियामा सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ ।

प्रेरित २:४ अनि तिनीहरु सबै सना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरुलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरु अन्य भाषाहरमा बोल्न लागे ।

प्रेरित २:३९ किनकि प्रतिज्ञा तिमीरुका निम्ति, तिमीहका सन्तानका निम्ति र टाढा टाढामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ ।

१ कोरिन्थी १:१८ किनकि क्रूसको (तिम्रो प्रचार) सन्देश नष्ट भइरहेकाहरुका निम्ति मूर्खता हो, तर हामी उद्धार पाइरहेकाहरुका निम्ति परमेश्वरको शक्ति हो ।

- परमेश्वरको शक्तिले तिम्रो प्रचारमा साथ दिनुहुन्छ । जाऊ !

१ कोरिन्थी १: ६–७ किनकि ख्रीष्टको विषयमा हाम्रो गवाही तिमीहरुमा सुदुढ भएको छ, ताकि तिमीहरुले हाम्रा प्रभु येशू ख्रीष्ट प्रकट हुने कुराको प्रतीक्षा गर्दा तिमीहरुमा कुनै आत्मिक वरदानको अभाव छैन । . . . रोगहरु, आँखाहरु, कुष्ठरो निको पार्ने आदि ।

## यो हाम्रो पिताको हृदय हो :

- → यदि येशूले स्वर्गको ढोका खोल्नका लागि यति ठूलो मूल्य चुकाउँनुभयो/ महान् बलिदान दिनुभयो ( भजनसंग्रह २४:७–१०)

→ जसले उहाँले प्रेम गर्ने मानिसहरुलाई जित्नका लागि बलिदान दिन्छ उसलाई उहाँले **ठूलो आशिष र समृद्धि** दिनुहुन्छ ।

उदाहरणका लागि :

मत्ती १९:२९ हरेक जसले मेरो नाउँको खातिर घर, दाजुभाइ वा दिदीबहिनी अथवा बुबा वा आमा वा छोरा छोरी वा जग्गाजमिन छोडेको छ त्यसले सय गुणा पाउनेछ र अनन्त जीवनको अधिकार पाउनेछ ।

मत्ती २४:१४ अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरुका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ ।

यसैले यो साँचोले ढोका खोल्ने मात्र होइन (१) अरुलाई स्वर्गको राज्यमा आउनका लागि (२) तर यसले येशूलाई फर्किनका लागि र पृथ्वीमा उहाँको वास्तविक राज्य आउनका लागि पनि ढोका खोल्द छ ।

- अहिले येशू कहाँ हुनुहुन्छ ?

हिब्रू १०: १२ –१३ तर ख्रीष्टले त पापहरुका निम्ति सदाको लागि एउटै बलिदान चढाउनुभयो, अनि उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो । र उहाँका शत्रुहरु उहाँको पाउदान नहोउञ्जेल उहाँ पर्खिरहनुहुन्छ ।

- उहाँको काम सक्किसकेको थियो । र हामीलाई परमेश्वरको राज्यको घोषणा गर्ने जिम्मेवारी दिनुभएको छ !
- उहाँ हाम्रो लागि पर्खिरहनु भएको छ । तिम्रो र मेरो लागि !

रोमी १०:१४ तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरुले कसरी पुकार्ने ? जसको विषयमा सुनेकै छैनन् उहाँमाथि तिनीहरुले कसरी विश्वास गर्ने ? र प्रचारकविना तिनीहले कसरी सुन्ने ?

मत्ती २८:१८ –२० तब येशू तिनीहरुकहाँ आएर भन्नुभयो, स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु ।

## अब साँचाहरु तिम्रो हातमा छन् !

१ कोरिन्थी १: २६ **“बोलवटलाई विचार गर”**

**प्रभुले बोलाउँनुभयो :**

- मोशा >“म बोल्न सक्दिन”   प्रस्थान ४:१०
- गिदोन >“म मेरो परिवारमा सबै भन्दा सानो छु”   न्यायकर्ताहरु ६:१५
- यर्मिया >“म एकदमै सानो छु”   यर्मिया १:६
- र अब प्रभुले तिमीलाई बोलाई रहनुभएको छ !

**तिमी कसरी उत्तर दिन्छौ ??**

जसले मलाई शक्ति दिनुहुन्छ उहाँमा नै म सबै थोक गर्न सक्छु ।

फिलिप्पी ४:१३

हामीले उहाँको सम्मत्तिलाई थुपार्नुपर्छ !

प्रकाश ३:११ म चाँडै आइरहेछु । तिमीसँग जे छ त्यसलाई पकिराख र तिम्रो मुकुट कसैले लिनेछैन ।

२ तिमोथी ४:१–२ परमेश्वरको सामने र जिउँदा र मरेकाहरुको इन्साफ गर्न आउनुहुने खीष्ट येशूको सामने, अनि उहाँको आगमन र राज्यलाई ध्यानमा राखेर म तिमीलाई कडा आज्ञा दिँदछु, वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षामा दिने कुरामा नचुक ।

पद ५ तिमीचाहिँ दह्रिला होऊ । कष्ट भोग, प्रचारकको काम गर। र तिम्रो सेवाको काम पूरा गर ।

स्वर्ग राज्यका साँचाहरु तिम्रो हातमा छ
तिमी वक्ता हौ/सेवक हौ/ मिसेनरी हौ !

## साँचो #६: पढ/अध्ययन गर/परमेश्वरको वचनलाई मनन गर

**भजनसंग्रह १:२–३** पृथ्वी आकारविनाको र शून्य थियो । अथाह समुद्रमाथि अन्धकार थियो। र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैहुनुहुन्थ्यो । अनि परमेश्वरले भन्नुभयो, उज्यालो होस् । तब उच्यालो भयो ।

**यहोशू १:८** व्यवस्थाको यो पुस्तक तेरो आठबात नहटोस् र त्यसपछि तैंले दिनरात ध्यान गर्नू अनि त्यसमा लेखिएका सबै कुरा होशियारीसाथ पालन गर्नू, र तेरा सबै मार्गहरुमा तैंने उन्नति गर्नेछन् र सफलता पाउनेछन् ।

हितोपदेश ३:१–२ हे मेरो छोरो, मेरो शिक्षालाई नभुल् तर मेरा आज्ञाहरु आफ्नो हृदयमा लुकाइराख् । किनभने तिनले तँलाई दीर्घायु बनाउनेछन्, र तेरो आगि सम्पन्नता ल्याउनेछन् ।

**यूहन्ना ८:३१–३३** येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरुलाई भन्नुभयो, तिमीहरु मेरो वचनमा रहौ भने तिमीहरु साँच्चै मेरा चेला हौ । तब तिमीहरुले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछ । तिनीहरुले उहाँलाई जवाफ दिए, हामी अब्राहामका सन्तान हौँ, र अहिलेसम्म कसैको दासत्वमा परेका छैनौ । तिमीहरु स्वतन्त्र हुनेछौ भनी कसरी भन्छौ ?

- सत्यलाई जान्दै –>तिमीलाई स्वतन्त्र बनाउँछ

- झुटलाई विश्वास गर्दा–>तिमीलाई बन्धनमा/कैदमा राख्छ

**मत्ती ७:२४..२७** यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो । अनि पानी प..यो र बाढी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो र पनि त्यो घर ढलेन । किनकि त्यो चट्टानमाथि बसालिएको थियो । जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ जसले आफ्नो घर बालवामाथि बनायो । पानी प..यो र बाढी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बनारियो र त्यो घर ढल्यो अनि त्यसको ठूलो विनाश भयो ।

- हामीहरुको प्राय सबै समस्याहरुको कारण यही नै हो ।
- हामी सुन्छौ तर प्रतिकृया जनाउँदैनौ ।

यूहन्ना १०:१० **चोर त चार्न, मार्न र नाश गर्न आउँछ**

## हामीहरुको जीवनलाई नाश गर्न/वा हामीहरुको आशिषहरुलाई कोस्न
## तर त्यसलाई रोक्न सकिन्छ !
## कसरी ???

#१ मत्ती २६:४१ जागा रहो, प्रार्थना गर र परीक्षामा नपर । आत्मा त साँच्चै तयार छ तर शरीर दुर्बल छ ।

#२ **परमेश्वरको वचनलाई जान्ने**
मत्ती ४:१..३ तब दियाबलसद्धारा परीक्षा गरिनलाइए पवित्र आत्माद्धारा येशू उजाड स्थानमा लगिनुभयो । उहाँ चालीस दिन र चालीस रातसम्म उपवास बसिसकेपछि भोकाउनुभयो ।

- उहाँको शरीरको ठूलो चाहान थियो । धेरै पुरानो यद्ध : शरीर र आत्माको

तब परीक्षा गर्नेले उहाँकहाँ आएर भन्यो, तपाई परमेश्वरका पुत्र हुनुहुन्छ भने यी ढु..गाहरुलाई रोटी होऊन् भनी आज्ञा दिनुहोस् ।

## धूर्त छलद्धारा शैतानले पासो थाप्छ :

**"यदि"–.उहाँ को हुनुहुन्छ भन्ने विषयमा प्रमाणित गर्न जोड दिन ।**

- यदि तिमी घरको मर्द हो भने "प्रमाणित गर" !
- यदि " " तिमी अर्को बियर पिउने पुरुष हौ/बढ/घुर
- यदि तिमी मर्द हौ/यदि तिमी बलियो छौ भने प्रमाणित गर, शैतानले मुस्काएर भन्छ ।

हितोपदेश १४:१६ **बुद्धिमान् मानिसले परमप्रभुको भय राख्छ र खराबीदेखि टाढै रहन्छ, तर मूर्खचाहिँ गरम मिजासको र असावधानी हुन्छ ।**

तर अझैं गम्भीर विषय छ >>के येशूले त्यस्तै गर्नु त, उहाँले शैतानको आज्ञापालन गरिरहेको हुन्छ ।

रोमी ६:१६ **जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको कमारा पनि हुन्छौ**

तिमी कुन राज्यमा छौ भने केले निर्भर गर्छ भने–>

कसको आज्ञापालन गर्छौ त्यसमा !

तर येशूले उहाँको पिताको आज्ञापालन गर्नुहुन्छ र वचनद्धारा जवाफ दिनुहुन्छ :

मत्ती ४:४ तर येशूले जवाफ दिनुभयो, लेखिएको छ, मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ ।

नयाँ जीवनको अनुवाद : येशूले भन्नुभयो, लेखिएको छ, मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ ।

हामीले टेबलमा नै ती परीक्षालाई जित्नुपर्छ र रोटीलाई . . . मासुलाई. . . आलुलाई र ग्रेभीलाई "हुँदैन" भन्नुपर्छ ।

शरीरको इच्छालाई पुरा गर्ने कडा चाहाना भन्दा पनि अझैं महत्वपूर्ण कुरा छ, र त्यो हो –>

आत्मिक शक्तिको लागि चाहिँ कुराद्धारा आत्मालाई खुवाउने ।

येशूले यस पासोबाट उम्कनुभयो किनकि उहाँलाई थाहा छ के लेखिएको छ

मत्ती ४:५–७ तब दियाबलसले उहाँलाई पवित्र नगरमा लगृर मन्दिरको शिरमा खडा गरायो, र उहाँलाई भन्यो, तपाई परमेश्वरका पुत्र हुनुहुन्छ भने, यहाँबाट तल हामफाल्नुहोस्। किनभने यस्तो लेखिएको छ, उहाँले आफ्ना दूतहरुको जिम्ममा तिमीलाई दिनुहुनेछ र तिनीहरुले तिमीलाई आफ्ना हात हातै थाम्नेछन्, नत्रता तिम्रो तिम्रो खुट्टा ढु..गामा ठोकिनेछ। येशूले त्यसलाई भन्नुभयो, लेखिएको छ, तैले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू।

शैतानले, यो थाहा गर्छ कि वचनमा लेखिएको अनुसार येशू चल्नुहुँदो रहेछ, त्यसैले त्यसले **भजनसंग्रह ९१:११**मा लेखिएकोलाई प्रयोग गरेर दोस्रो चाल चल्छ तर **प्रशङ्ग बाहिर लान्छ** !

भजनसंग्रह ९१ पद १ बाट सुरु हुन्छ जो परमप्रधानको शरणमा वास गर्दछ, त्यो मानिस सर्वशक्तिमान्को छत्रछायामुनि रहन्छ।

येशूले उनलाई भन्नुभयो, परमप्रभु तिमीहरुका परमेश्वरको परीक्षा नगर। (व्यवस्था ६:१६)

- हामीहरुलाई सकेसम्म धेरै बाइबलका खण्डहरु थाहा हुनुपर्छ।
- र प्रशंगलाई लिन एकदमै होशियार हुनुपर्छ।

पद ८–११ फेरि दियाबलसले उहाँलाई एउटा अल्गो पर्वतमा लगेर संसारमा सबै राज्य र तिनको वैभव उहाँलाई देखायो, र उहाँलाई भन्यो, तपाईले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोक म तपाईलाई दिनेछु।

शैतानले यी कुराहरु दिन प्रस्ताव गर्छ : गर्ब.–शक्ति–महिमा–धन र **महत्व सबै मानिसहरुलाई फसाउँन।**

१ यूहन्ना २:१६ किनकि संसारमा भएका सबै थोक, अर्थात् शरीरकौ अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्।

तब येशूले त्यसलाई भन्नुभयो, शैतान, तँ दूर होइजा.. किनभने लेखिएको छ, तैले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू र उहाँको मात्र सेवा गर्नू। तब दियाबलस उहाँलाई छोडेर गयो, र स्वर्गदूतहरुले आएर उहाँको सेवा टहल गरे।

लूका ४:१३ दियाबलसले उहाँलाई सबै परीक्षा गरिसकेपछि अनुकूल समय नभएसम्म उहाँलाई छोडेर भया।

त्यो परीक्षा गर्ने शैतान फेरि आउँनेछ।

हामीमा पाप र काम बासनाका साथ–>येशू भन्दा हामी एकदमै सजिलो निसाना हौ !

**१ पत्रुस ३:१५** तर ख्रीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धे गर । तिमीहरुमा भएका आशाको विषय कसैले सोधपूछ गरे त्यसको जवाफ दिन(परीक्षा ल्याउनेलाई) सधैं तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धेसाथ गर। एन आई भी

- हामीलाई बाइबलका सकेसम्म धेरै भन्दा धेरै खण्डहरु थाहा हुन आवश्यक छ।

**हिब्रू ४:१२** किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी जोर्नी र हाडको गुदीसम्मलाई भाग भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ।

**१ पत्रुस १:२३** परमेश्वरको जीवित र नित्य रहने वचनद्वारे, विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरु नयाँ गरी जन्मेका छौ ।

- ➢ परमेश्वरको वचन जीवित छ !
- ➢ त्यो बिउ जसले नयाँ जीवन दिन्छ ! तिमीलाई र ममा !

**यूहन्ना ६:६३–६४** जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन । जुन वचन मैले तिमीहरुसँग बोलेको छु। ती आत्मा र जीवन हुन् ।

**२ तिमोथी ३:१६** सम्पूर्ण पवित्र शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ। एन आई भी

- हामीलाई सकेसम्म बाइबलका धेरै भन्दा धेरै खण्डहरु थाहा हुन आवश्यक छ।

**यहोशू १:८** व्यवस्थाको यो पुस्तक तेरो ओठबाट नहटोस्, तर त्यसमाथि तैंले दिनरात ध्यान गर्नू, अनि त्यसमा लेखिएका सबै कुरा होशियारीसाथ पालन गर्नू, र तेरे सबै मार्गहरुमा तैले उन्नति गर्नेछन् र सफलता पाउनेछस् ।

- ➢ **भजनसंग्रह ११९ दाऊद**.–"मेरो हृदय अनुसारको मान्छे पाएँ" प्रेरित १३:२२

भजनसंग्रह ११९:११३ तपाईकौ वचनअनुसार मेरे पाइलाहरु स्थिर गरिदिनुहोस्, र कुनै पापले ममाथि राज्य गर्न नपाओस् ।

- हामीलाई सकेसम्म बाइबलका धेरै भन्दा धेरै खण्डहरु थाहा हुन आवश्यक छ किनभने :

प्रकाश १२:१०–११ तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुने, अब हाम्रे परमेश्वरको मुक्ति शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ(सबै कुरा हामीहरुका लागि उपलव्ध गराएको

छ) । किनकि हाम्रा भाइहरुलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरुलाई दिनरात दोष लगाउँछ, त्यो तल (कूसमा ) फ्याँकिएको छ । तिनीहरुले (१) थुमाको रगत र (२) आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र (३) तिनीहरुले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन् ।

- ❖ हामीले बाइबलको खण्डले भनेको कुरा कि थुमाको रगतले हाम्रो लागि सबै कुरा पुरा गरेको छ र प्राप्त गरेको छ भन्ने भनाईलाई गवाही दिन सक्नुपर्छ ।

  यसरी नै हामी परेश्वरको राज्यमा पूर्ण रुपमा आशिषित भएर ज्यूछौ ।

## साँचो #७ : बढ्दै/छर्दै वा बिउ रोप्दै

**हितोपदेश ३: ९–१०** आफ्नो धन सम्पत्ति र आफ्ना सबै उब्जनीको अगौटे फलले परमप्रभुको आदर गर, (१०) तब तेरे ढुकुटीहरु पोखुन्जेल भरिनेछन्, र तेरे भाँडाहरु नयाँ मद्यले चुलिएर पोखिनेछन् ।

**हितोपदेश १९:१७** गरीबप्रति दयालु हुनु परमप्रभुलाई सापट दिनु हो, र त्यसले जे गरेको छ, त्यसको इनाम उहाँले त्यसलाई दिनुहुनेछ । हितोपदेश २२:९

**मलाकी ३:८–११** के कुनै मानिसले परमेश्वरलाई लुट्छ र ? तापनि तिमीहरु मलाई लुट्दछौ । तर तिमीहरु सोध्छौ, कसरी हामीले तपाईलाई लुट्यौ र ? दशांशको भेटीमा । सराप परेर तिमीहरु श्रापित भयौ, किनकि तिमीहरुले मलाई लुटिरहेछौ तिमीहरु सम्पूर्ण जातिलै । सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस् । यसमा मलाई जाँचेर हेर, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, म स्वर्गका ढोकाहरु उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष तिमीहरुमाथि बर्साउँछु वा बर्साउँदिन, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । (११) म तिमीहरुका अन्नबाली स्वाहा पार्ने रोग निको पारिदिनेछु, र तिमीहरुका बारीमा भएका दाखका बोटका फलहरु झर्नेछैनन् सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।

**लूका ६:३८** देओ, र तिमीहरुलाई पनि दिइनेछ । मानिसहरुले प्रशस्त परिमाणमा खाँदीखाँदी बेसरी हल्लाएर, पोखिने गरी तिमीहरुको पोल्टामा राखिदिनेछन् । किनकि जुन नापले तिमीहरु दिन्छौ, त्यही नापमा तिमीहरुले पनि फिर्ता पाउनेछौ ।

दिनेको उदाहरण :

पापी स्त्री लूका ७ :३६–५०

हामीले को चाहिँ ठूलो पापी हो भनेर उनीहरुको आराधनामा र प्रशंशामा **दिने** तरीकाबाट थाहा गर्न सक्छौ ।

जब हामी आफूले अफैलाई परमेश्वरमा दिन्छौ, तब अरु सबै दिनेहरु हाम्रा लागि सहज हुन्छ ।

त्यसो भए के हामी यसो भनौ त . . .

तिम्रो हृदय कहाँ छ भनेर –> तिमीले कसरी दिन्छौ त्यसले प्रमाणित गर्छ ।

यूहन्ना ३:१६ परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एक मात्र पुत्रलाई दिनुभयो . . .

- ❖ प्रेमले दिन्छ !
- ❖ हामीहरुको प्रेमको नाप हामीले के र कसरी दिन्छौ भन्नेद्धारा निर्धारित गर्छ ।
- ❖ हाम्रो पिताले उहाँको पुत्र दिनुभयो ! ! !

येशूले भन्नुभयो : **म तिमीलाई स्वर्ग राज्यका साँचाहरु दिनेछु ।**

साँचाहरु तालाका लागि हुन् –> बन्द गर्न वा खोल्न

प्रत्येक र सबै साँचाहरु त्यतिनै महत्वपूर्ण, आवश्यक छन् र हामीहरुलाई परमेश्वरको राज्यमा गम्भिर रुपमा चल्नका लागि पनि अर्को ढोका खोल्छ ।

यी साँचाहरुले तलका कुराहरुलाई खोल्द छन् :

- तीे साङ्लाहरु जुन पाप र शैतानले हामीलाई बाधेका छन्
- हामीलाई स्वतन्त्र गराउँछ
- हामीहरुका लागि आशिषहरु–समृद्धि– स्वर्ग राज्यको प्रावधान खोल्नुहुन्छ ।
- हामीहरुका लागि परमेश्वरको राज्यको शक्ति र अधिकार खोल्नुहुन्छ

हामीहरुले सबै साँचाहरु लिएर ती साँचाहरुद्धारा ढोकाहरु खोल्दै खोल्दै गई परमेश्वरको राज्यमा गहिराई रुपमा गएको देख्दा प्रभुलाई साह्रै खुशी तुल्याउँछ ।

**लूका १२:३२** सानो बगाल, नडराओ किनभने तिमीहरुलाई राज्य दिन तिमीहरुका पिता **प्रसन्न हुनुहुन्छ** ।

- ❖ उहाँले यसको लागि ठूलो मूल्य चुकाउँन पऱ्यो !
- ❖ र उहाँलाई यस कुराले अति नै प्रसन्न तुल्याउँछ जब हामीले त्यस कुरालाई एकदमै मुल्यको ठान्दछौ र हामीले उहाँको राज्य र उहाँको धार्मिकतालाई पहिले खोज्दछौं

हामीलाई येशूको जस्तै हृदय चाहिन्छ :

यहून्ना ८:२९ म सधैं उहाँलाई प्रसन्न तुल्याउने काम गर्दछु ।

२ कोरिन्थी ५:९ यसैकारण चाहे हामी शरीरमै होऔं, चाहे अलग रहौं, उहाँलाई प्रसन्न तुल्याउनु नै हाम्रो लक्ष्य हुन्छ ।

१ यूहन्ना ३:२२ हामी जे माग्छौं, सो उहाँबाट पाउँछौं, किनभने (१) हामी उहाँका आज्ञा पालन गर्छौ र (२) उहाँलाई मन पर्ने कामहरु गर्छौ । यो इसाई धर्मको सरलता हो ।

हिब्रू १३:२०–२१ **अब भेडाका महान् गोठाला हाम्रा प्रभु येशूलाई अनन्त करारको रगतद्धारा मृत्युबाट जीवित पार्नुहुने शान्तिका परमेश्वरले तिमीहरुलाई हरेक असल गुणले सिद्ध पारुन् र तिमीहरुले उहाँको इच्छा पूरा गर्न सक । जे परमेश्वरलाई मनपर्दो छ येशू खीष्टद्धारा उहाँले तिमीहरुमा गरुन् । उहाँको महिमा युगानयुग भइरहोस् ।**

आमेन